ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष १९, अङ्क १२, २०८५ भदौ, पूर्णाङ्क २२०

निरन्तर २२० औं अङ्क

श्रीकृष्ण प्रणामी मन्दिर
श्री नवतनधाम

कागेश्वरी मनोहरा न.पा.-८ गोठाटार, काठमाडौं



श्रीपञ्चमहालक्ष्मी मन्दिर श्रीपीठम्

चा.न.पा. ५, छालिङ, भक्तपुर

हार्दिक निमन्त्रणा

श्रीपञ्चमहालक्ष्मी समेत श्रीमुक्तिनाथ भगवन्को असिम अनुकम्पाद्वारा परमश्रद्धेय श्रीमुक्तिनाथ बाबाज्यूको सत्संकल्पमा निर्मित यस श्रीपञ्चमहालक्ष्मी श्रीपीठ श्रीवनधाममा पञ्चश्री सहित श्रीमुक्तिनाथ भगवान्को प्राणप्रतिष्ठा गरिएको मितिदेखि निरन्तर रूपमा प्रत्येक महिनामा पर्ने चित्रा नक्षत्रको शुभ अवसरमा भगवान्को तिरुनक्षत्रोत्सव नवकलश स्थापना गरी महा–अभिषेक कार्यक्रम सञ्चालन भई रहेको जानकारी गराइन्छ।

यहि मिति २०८१ भाद्र २२ गते शनिवारको दिनमा पनि चित्रा नक्षत्र भएको हुँदा उक्त दिनमा सम्पन्न हुने तिरुनक्षत्रोत्सव कार्यक्रममा उपस्थित भई श्रीपञ्चमहालक्ष्मी सहित श्रीमुक्तिनाथ भगवान्को दिव्य कृपा प्राप्त गर्नहुन सादर निमन्त्रणा गरिन्छ।

मितिः २०८१ भाद्र २२ गते, शनिवार
स्थानः श्रीपञ्चमहालक्ष्मी मन्दिर
समयः विहान ५:०० बजेदेखि

कार्यक्रमहरूः

१. श्रीभगवान्को सन्निधिमा नाम सकिर्तन/भजन/दिव्य प्रवचन
२. भगवान्को तिरुनक्षत्रोत्सव दर्शन, महाभिषेक एवं प्रसाद वितरण।
३. श्रीपञ्चमहालक्ष्मी सिद्धिमन्त्र लेखन।

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १९, अङ्क १२, पूर्णाङ्क २२०

भदौ २०८१

शनिबार	१	८	१५	२२	२९
आइतवार	२	९	१६	२३	३०
सोमबार	३	१०	१७	२४	३१
मङ्गलबार	४	११	१८	२५	गौरी
बुधबार	५	१२	१९	२६	गौरी
बिहीबार	६	१३	२०	२७	गौरी
शुक्रबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ । कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः
९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

हजुरका मोहिनी मायाले मेरो ज्ञानदीपक हरण गरिदिएको थियो । त्यसलाई हजुरले कृपा गरेर पुनः आफ्ना सेवकलाई फर्काइदिनुभयो । यस्तो को दुर्मति होला, जसले हजुरका यस कृपाप्रसादको अनुभव गरेर पनि हजुरका चरणकमलको शरण छाड्नेछ र अरूको सहारा लेला ? महायोगेश्वर ! अब हजुरले कृपा गरेर म शरणागतलाई यस्तो आज्ञा दिनुहोस्, जसद्वारा हजुरका चरणकमलमा मेरो अनन्यभक्ति बनिरहोस् ।

भगवान् श्रीकृष्णले आदेश दिनुभयो- उद्धव ! अब तिमी मेरो आज्ञाले बदरिकाश्रम गइहाल । तिमी त्यहाँ कुनै पनि ऐहिक भोगको अपेक्षा नराखेर निस्पृहवृत्तिले आफैलाई लीन गर्नु र आफ्ना इन्द्रियहरूलाई वशमा राखेर मैले जुन तिमीलाई शिक्षा दिएको छु, त्यसको एकान्तमा विवेकपूर्वक चिन्तन गर्दै रहनु, आफ्नो वाणी र चित्त ममा लगाइराख्नू र मैले भनेको भागवतधर्ममा प्रेमपूर्वक रमिहाल्नू । यसबाट तिमी अन्त्यमा मेरा परमार्थस्वरूपमा लीन भइहाल्नेछौ ।

भागवतधर्मको निरूपण र उद्धवको वदरिकाश्रम प्रस्थान

शुकदेवजी भन्नुहुन्छ- परीक्षित ! भगवान् श्रीकृष्णले जब भागवतश्रेष्ठ उद्धवलाई यस्तो उपदेश दिनुभयो, अनि उनले भगवान्को परिक्रमा गरे र भगवान्का चरणमा नतमस्तक भए । उद्धवले आफ्ना आँखाबाट झरिराखेका भारि वियोगाश्रुधाराले भगवान्का दुवै पाउलाई पखालिदिए । भगवान्बाट वियुक्त हुने कल्पनामात्रले उद्धव साह्रै कातर भइहाले । उनले उहाँका चरणपादुका (खराउ) आफ्ना शिरमा राखे र बारम्बार भगवान्लाई प्रणाम गरेर त्यहाँबाट प्रस्थान गरे । बदरिकाश्रम पुगेपछि उनले तपोमय जीवन व्यतीत गरेर भगवान् श्रीकृष्णका उपदेशानुसार परमगति प्राप्त गरे ।

यदुकुलको संहार

राजा परीक्षितले सोधे- भगवन् ! उद्धवजी बदरीवन गएपछि भगवान् श्रीकृष्णले कुन लीला रच्नुभयो ?

शुकदेवजीले भन्नुभयो- परीक्षित ! प्रभासक्षेत्रमा यदुवंशीहरूले श्रीकृष्णको आदेशानुसार अनेक मङ्गलमय कृत्य गरे तर पनि दैवले उनको बुद्धिहरण गरिहाल्यो र उनले प्रशस्त मदिरापान गरे । रक्सीको कुप्रभावले उन्मत्त भएर ती आपस्तमा नै समुद्रतटमा अस्त्रशस्त्रहरूले युद्ध गर्न थाले । प्रद्युम्न साम्बसित, अक्रूर भोजसित, अनिरूद्ध सात्यकिसित र सुभद्र सङ्ग्रामजितसित लडाइँ गर्न लागे । तिनीहरूमा भीषण सङ्ग्राम हुन लाग्यो । अन्त्यमा तिनीहरूका सबै अस्त्रशस्त्र नासिए अनि तिनीहरूले समुद्रतटमा उम्रेका 'एरका' घाँस उखेल्न लागे । यो उही घाँस थियो, जुन ऋषिहरूका श्रापले फलामको मुसलको चूर्णबाट पैदा भएको थियो । तिनीहरूका हातमा पर्नासाथ त्यो वज्रकै भयो । अब उनीहरू रिसले चुर भएर त्यसै घाँसलाई लिएर एकअर्कामाथि प्रहार गर्न थाले । भगवान् श्रीकृष्णले उनीहरूलाई लडाइँ गर्न हुन्न भन्दा उहाँलाई पनि शत्रु ठाने । जस्तै बाँसको घर्षणले उत्पन्न दावानलले बाँसलाई नै भस्म गरिहाल्छ, त्यस्तै ऋषिहरूको श्राप र भगवान्को मायाले मोहित यदुवंशीहरूलाई तिनीहरूका रिसले नै ध्वंस गरिहाल्यो । भगवान् श्रीकृष्णले देख्नुभयो कि समस्त यदुवंशीहरूको संहार भइसक्यो अनि यो विचार गरेर कि पृथ्वीको शेष रहेको भार पनि सिद्धियो अनि उहाँले सन्तोषको सास लिनुभयो ।

परीक्षित । बलरामजीले अब समुद्रतटमा बसेर एकाग्रचित्तले परमात्माको चिन्तन गर्दै आफूलाई आत्मस्वरूपमा स्थिर गरेर पार्थिव शरीरलाई उत्सर्ग गरिदिनुभयो । बलरामजीको शरीरोत्सर्ग भएको देखेर भगवान् श्रीकृष्ण एउटा पीपलको वृक्षतल गएर मौन भएर पल्टनुभयो । त्यति बेला उहाँले आफ्नो दाहिने पाउमाथि देब्रे पाउ राख्नुभएको थियो । जरा नाउँ गरेको एउटा व्याधा जसले मुसलको शेष टुक्राले आफ्नो बाणको टुप्पो बनाएको थियो, त्यस जङ्गलमा घुमिरहेको थियो । त्यसले टाढैबाट भगवान् श्रीकृष्णको रातोरातो पैताला देख्यो । त्यो उसलाई मृगको मुखझैं प्रतीत भयो र भ्रमवश त्यसले त्यसलाई आफ्नो त्यसै बाणले बेध्यो । तर जसै त्यसले नजिक गएर देख्यो कि यहाँ त स्वयम् भगवान् श्रीकृष्ण हुनुहुन्छ, अनि त त्यो डरले काँप्न थाल्यो र उहाँका चरणमा शिर राखेर पृथ्वीमा लम्पसार पर्यो ।

क्रमशः...

सम्पादकीय

तीजको मर्म

भाद्र शुक्ल तृतीया तिथिलाई हिन्दु नारीहरूको महान् पर्व हरितालिकाको रूपमा मनाइने चलन छ । सत्य युगमा हिमालयकी पुत्री पार्वतीले भगवान् शिवलाई प्राप्त गर्न उहाँको आराधना उपासना गर्नुभएको र सोही उपासनाको प्रभावले मनोकांक्षा पूरा भएको धार्मिक मान्यताका आधारमा इच्छाइएको जीवनसाथी प्राप्त गर्ने, जीवनसाथीको आयु, आरोग्यता प्राप्त हुने लगायतका मनोकामना पूर्ति गर्न यो पर्व मनाइदै आएको हो । पार्वतीलाई उनको इच्छा विपरीत भगवान् विष्णुसँग विवाह गर्न खोजेपछि उहाँका साथीहरूले हरण गरी एकान्तस्थलमा पुऱ्याएको र त्यहीं बसेर उहाँले शिवको आराधना गर्नुभएको थियो । पार्वतीलाई साथीहरूले हरण गरेर लगेका हुँदा यस पर्वलाई हरितालिका नामाकरण गरिएको भनाइ छ ।

हरितालिका पर्व साधनासँगै मनोरञ्जनको पर्व पनि हो । चेलीहरूले कर्मघरमा भोग्नु परेका दुःख, पीडा र कष्टलाई तीजका गीतको माध्यमबाट माइतीपक्षलाई सुनाउने चलन पनि छ । त्यसैले नारीहरूले सामाजिक विकृतिका विरुद्धमा ससक्त आवाज उठाउने पर्वको रूपमा पनि हरितालिका प्रसिद्ध छ । विवाह गरी टाढा टाढा गएका चेलीबेटीहरूको मिलन हुने भएकोले यो पर्व पारिवारिक पुनर्मिलनको पर्व पनि हो ।

तीजका दिन व्रत वस्ने, भगवान्को पूजा आराधना गर्ने र दिदीबहिनी, साथीसँगीसँग मनोरञ्जन समेत गर्ने हुँदा अघिल्लो रात सात्विक र आडिलो हुने विशेष प्रकारको खाना खाने चलन थियो । यसरी तीजको अघिल्लो रात खाइने परिकारलाई 'दर' भनिन्छ । दरमा कुनै पनि अभक्ष भोजन गरिंदैनथ्यो ।

पछिल्लो समय हरितालिकाको साधनापक्षलाई भन्दा पनि मनोरञ्जनका पक्षलाई बढावा दिएको पाइन्छ । अघिल्लो रात खानुपर्ने सात्विक भोज 'दर' लाई विकृत मनाइएको छ । 'दर' को नाममा महिनौं दिन अघिदेखि तामसिक पदार्थको भोजन गर्ने चलन बढ्दो छ भने तीजका गीतहरूमा पनि अश्लिलता भेटिन्छ । यसले गर्दा हाम्रो मौलिक पर्वप्रति नै वितृष्णा उत्पन्न हुने अवस्था सिर्जना भएको छ । यसर्थ तीजको मौलिक स्वरूपलाई बुझेर सोही अनुरूप मनाउनु पर्ने अपरिहार्य भएको छ । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण — २

सम्पादकीय — ३

कविता

क्यै सार भेट्टाउँछु — धर्मानन्द भारवि — ४

गीताज्ञान

कर्मयोग — आचार्य खेमराज केशवशरण — ५

आध्यात्मिक वार्ता

समाधिमा श्रीरामकृष्ण — श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — ७

चिन्तन

मोक्ष चिन्तन....... — डा. चिन्तामणिनाथ योगी — ९

कविता

श्री सुक्त तिमी आऊ — मुकुन्द शर्मा चालिसे — ११

समसामयिक

पार्वतीकृत ..... — सहप्रा. डा. विनुबाबा अर्याल — १३

साधना

क-कसलाई पुकारौं — भागवतश्री न्यौपाने — १७

पर्व विशेष

हरिशयनी एकादशी.... — पं. बालमुकुन्द देवकोटा — २०

पौराणिक पात्र

सती अनसूया — मोहनप्रसाद आचार्य — २२

महिमा

कलियुगमा भगवन्.... — दामोदर पौडेल — २६

संस्मरण

कौशिकी गुरुकुलम्को ...... — मित्र गौतम — २७

शिक्षा

स्वामी विवेकानन्दका..... — द्वारिकाप्रसाद पौडेल — ३०

पुस्तक समीक्षा

भाषा भगवान् हुन्......भेषराज पोखेल — ३१

गतिविधि — ३५

क्यै सार भेट्टाउँछु

-धर्मानन्द भारवि

बिम्झेको छु म बल्लतल्ल वयले भो प्रौढको याम यो
बेहोशी कति वेग थे विगतमा हो होशको याम यो ।
चिन्ता- चिन्तनमध्यमै कवि हुने इच्छा पलाए छ कि !
के लेखूँ जतिपल्ट फुर्छ कविता रम्दै छ यो जिन्दगी ॥

माटोभित्र सुगन्ध हुन्छ जसमा संवेदना तीव्र छ
पानीभित्र पवित्रता र बल छन् जस्मा निजी भाव छ ।
आगोभित्र अनेक ज्ञानगुन छन् जस्मा नयाँ सोच छ
हावाभित्र छ जिन्दगी रहरिलो सङ्कल्पमै सिद्धि छ ॥

यो आकाश अनन्त ब्रह्म पनि हो ब्रह्माण्ड धेरै दिने
आफैभित्र अनन्त कोटि मन छन् सम्झे- बुझे हो हुने ।
आशा छन् यदि चेतसाथ म चले नैराश्य अज्ञान हो
कल्पेको छ नि ईशले धरणिमै आनन्दकै धाम हो ॥

नीलो रङ्ग विचित्र लाग्छ जसमा नाना थरी रङ्ग छन्
आफैभित्र नि शून्य हुन्छ जसमा ध्यानी हुने चाख हुन् ।
शून्यैशून्यविषे अनन्त सुझ छन् आनन्दका स्रोत छन्
यो संसार नि शून्यबाट रचियो ज्ञानीहरू बुझ्दछन् ॥

फर्केको छु म शून्यतर्फ कसले यो भावना छाम्दछ ?
अड्केको छु कतै म मोहवशमा खै वेग? यै प्रश्न छ ।
लाऊँ के म लुगा नयाँ तरहका शैलीहरू देख्तछु
छाऊँ यै दिलभित्रका समझमै क्यै सार भेट्टाउँछु ।❖

-नैकाप, काठमाडौं

गीता तृतीय अध्याय

कर्मयोग



–आचार्य खेमराज केशवशरण

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन्।
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्यते।६।

अन्मयः य कर्मेन्द्रियाणि संयम्य मनसा इन्द्रियार्थान् स्मरत् आस्ते स विमूढात्मा उच्यते।

सरलार्थः जो हात पाउ आदि कर्मेन्द्रियहरूले गरिने कर्मलाई तिनको संयम गर्दै झैं रहन्छ तर भित्र भित्र चाहिं मनले विषयको संझना गर्दछ, त्यस्ता मोहग्रस्त मन भएका व्यक्तिलाई मिथ्याचार (ढोंगी) भनिन्छ।

भावविशारदाः यहाँ भगवान्ले कर्मेन्द्रियहरूलाई रोकेर मनले विषयचिन्तन गर्नेलाई मिथ्याचार शब्दले प्रतिपादित गर्नुभएको छ। तात्पर्य के हो भने यसभन्दा पहिलो श्लोकमा कोही पनि कर्म नगरी एकैछिन पनि रहन सक्दैन भन्ने कुरा बताइएको थियो। र त्यसको लगत्तै पछि

यो श्लोक आएको छ। त्यसैले यदि कोही कर्मेन्द्रियहरूलाई रोकेर मनले विषय चिन्तन गर्दछ र मैले कर्म छोडेको छु भन्दछ भने त्यो मिथ्याचार हो। अर्थात् हात पाउ इत्यादि कर्मेन्द्रियले गरिने कर्महरूमात्र कर्म हुन्नन् मनले गरिने चिन्तन मनन र तर्क वितर्कहरू पनि कर्म नै हुन्छन्। कुनै कुराको संझना भइरहनु पनि कर्म नै हुन्छ।

एउटा मार्मिक कुरा यहाँ के संझनु छ भने गीताको परिभाषामा कर्मेन्द्रिय भनेर केवल वाणी हात, पाउ, गुदस्थान र जनेन्द्रिय मात्र लिइन्नन् अपितु आँखा, नाक, कान, छाला र जिब्रो समेतलाई कर्मेन्द्रियकै कोटिमा गनिएको छ। किन भने गीताले त शरीरभित्रका यावत् इन्द्रियहरू, मन र वाणीद्वारा गरिने क्रियाहरूलाई पनि कर्म नै मानिएको छ। त्यसैले कर्मेन्द्रियाणि संयम्य भन्ने वाक्यले सम्पूर्ण इन्द्रियहरूद्धारा हुने समस्त क्रियाहरूलाई रोकेर भन्ने अर्थ बुझाउँछ। मानिस घरद्वार छोडोस् एकान्त शान्त तीर्थस्थानमा गएर बसोस् तर यदि मनले पहिले भोगेका विषयहरूको चिन्तन नै गरिरहन्छ भने त्यहाँ साँचो साधना हुन सक्तैन। मोहले नै ढाकिरहेको हुन्छ।

यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते।७।

अन्मयः हे अर्जुन यः तु मनसा इन्द्रियाणि नियम्य असक्तः (सन) कर्मेन्द्रियैकर्मयोगम् आरभते स असक्तः विशिष्यते।

सरलार्थः हे अर्जुन! जो चाहिं मनले इन्द्रियहरूलाई नियन्त्रित गरी अनासक्त बनेर सम्पूर्ण इन्द्रियहरूद्वारा कर्मयोगको आचरण गर्दछ त्यस्तो व्यक्ति श्रेष्ठ हुन्छ।

भावविशारदाः यस प्रकरणमा भगवान्ले सांख्य तथा योग दुवै मार्गमा कर्मको स्वरूपतः त्याग अपेक्षित नभएको कुरा बताउनु भयो। त्यसै गरी कर्म नगरी कोही पनि एकैछिन पनि वस्न नसक्ने तथ्य पनि संझाउनुभयो। कहिले बाहिरी इन्द्रियहरूलाई रोकेर पनि मनले चाहिं विषयको संझना गर्ने गऱ्यो भने त्यो मिथ्याचार हुने कुरा पनि बताइसक्नुभएको छ। यस श्लोकमा चाहिं ढोंग र आडम्वरमा नलागी इन्द्रिहरूलाई मनले संयमित गरेर निष्काम भावले अनासक्त बनी समत्व बुद्धिले कर्मेन्द्रियहरूद्वारा कर्मयोगको चाचरण गर्ने व्यक्ति श्रेष्ठ हो भन्नुभएको छ। कर्मयोग शब्दको व्युत्पत्तिमा कर्मणि योगः कर्मयोग भन्ने पनि हुन्छ र कर्मणा

योगः कर्मयोग भन्ने पनि हुन्छ । पहिलो व्युत्पत्ति अनुसार कर्ममा योग अर्थात् सम्पूर्ण संलग्नता भन्ने अर्थ हुन्छ । यसै अर्थभित्र सिद्धि र असिद्धि मा लाभ र हानिमा जय र पराजयमा समान रहने र कर्ममा कौशल ल्याउने योगको स्वरूप अन्तर्भूत हुन्छ । दोस्रो व्युत्पत्ति अनुसार कर्मद्वारा योग अर्थात् कर्मद्वारा परमात्मास्थितको मिलन भन्ने अर्थ हुन्छ । योगशास्त्र मानिएको भगवत्गीताद्वारा निर्देशित मूल योगको रूप पनि यही नै हो । प्रत्येक कर्म भगवत्प्राप्त्यार्थ गर्नु, जीवमात्रामा भगवद् अंशको दर्शन गर्दै तिनको हित निम्ति कर्म गर्नु यसैभित्र पर्दछ । छैटौं र बाह्रौं अध्यायमा यसै माथि विशेष बल दिइएको छ । मनद्वारा इन्द्रियहरूको संयम गरेर अनासक्त भावले इन्द्रियहरूद्वारा कर्मयोगको आचरण गर्ने यस श्लोकले दिएको सत् शिक्षा दुवै व्युत्पत्ति अनुसार आवश्यक र उपयोगी हुन्छ । सामान्य मानिसलाई जीवन विकासमा सबैभन्दा भरपर्दो गरी सहयोग पुऱ्याउने सरल मार्ग पनि यही नै हुन्छ ।

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ।८।

अन्मयः त्वं नियतं कर्म कुरु, कर्म हि अकर्मणः ज्याय तं शरीर यात्रा अपि च अकर्मणः न प्रसिद्धचेत् ।

सरलार्थः तिमी शास्त्रद्वारा निर्धारित गरिएको कर्तव्य कर्म गर । कर्म नगर्नुभन्दा कर्म गर्नु नै उत्तम हो । कर्म नगरेमा तिम्रो शरीर निर्वाह पनि चल्न सक्दैन ।

भावविशारदाः यहाँ नियत कर्म भनेर भगवान्ले आफ्नो सामाजिक मर्यादा वर्ण, आश्रम, कुल, स्वभाव र प्रवृत्ति अनुसार कर्तव्यका रूपमा शास्त्रद्वारा प्रतिपादित कर्मलाई इङ्गित गर्नुभएको छ । अर्जुन क्षत्रिय कुलमा उत्पन्न भएका प्रख्यात वीर, योद्धा थिए । वीर क्षत्रियका लागि युद्धमा सहभागी हुन स्वधर्मानुकुल नियत कर्म थियो । सम्पूर्ण लौकिक इच्छाहरूभन्दा माथि उठिसकेको र आत्मबोध प्राप्त गरिसकेका संन्यासीहरूलाई मात्र शास्त्रले अनुमोदन गरेको भिक्षाद्वारा जीवन यात्रा चलाउने अधिकार छ । भिक्षा मागेर खाने काम त्यो उच्च आध्यात्मिक स्थितिमा नपुगेकाहरूको लागि नियत कर्म हुन सक्दैन । त्यसैले सामाजिक जिम्मेवारीका दृष्टिले पनि अन्याय र अधर्मको निराकरण गरी लोकरक्षा गर्ने अभिभारा बोकेका वीर क्षत्रियका लागि अरूको राज्य हड्पेर उल्टै युद्धको ललकार गर्ने कौरवहरूको अत्याचारको निराकरणमा साथ नदिई आफ्नो नियत कर्म नै नठहरेको भिक्षा मागेर खाने इच्छा प्रकट गर्नु कुनै स्थितिमा पनि ठीक थिएन । अर्को कुरा अर्जुनले कर्मलाई त्याग्न खोजिरहेका थिए । कर्म त्याग्नुभन्दा कर्म गर्नु राम्रो हुन्छ । अकर्मण्य बनेर बस्नेलाई शरीर निर्वाहका लागि चाहिने साधन पनि जुटाउन संभव हुँदैन । त्यसैले अकर्मण्यताले सिर्जिने भयावह स्थितितिर समेत ध्यानाकर्षण गर्दै भगवान्ले यहाँ भन्नुभएको हो– शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

भदौ महिनाका पर्व तथा विदा

१ गते सिंह संक्रान्ति/शनि प्रदोष व्रत
३ गते जनैपूर्णिमा/रक्षाबन्धन/पूर्णिमा व्रत /ऋषितर्पणी/संस्कृत दिवस
४ गते गाईजात्रा/सापारु (नेवा समुदायलाई मात्र)
५ गते रोपाईं जात्रा
९ गते राष्ट्रिय धर्मसभा दिवस/गौरा सप्तमी
१० गते श्रीकृष्ण जन्माष्टमी/गौरा पर्व (सम्बन्धित समुदायलाई मात्र)/गोरखकाली पूजा
१३ गते स्मार्तहरूको अजा एकादशी व्रत
१४ गते वैश्णवहरूको अजा एकादशी व्रत
१५ गते शनि प्रदोष व्रत
१७ गते बुबाको मुख हेर्ने दिन/कुशे औंसी/मोतीराम भट्ट जन्मजयन्ती/सोमबारे औंसी
१९ गते गुंला पर्व समाप्ति
२० गते दर खाने दिन
२१ गते हरितालिका तीज (महिला कर्मचारीहरूलाई मात्र)
२२ गते गणेश चतुर्थी/निजामती सेवा दिवस
२३ गते ऋषिपञ्चमी व्रत/अन्तर्राष्ट्रिय साक्षरता दिवस
२४ गते सूर्य षष्ठी
२५ गते महालक्ष्मी व्रतआरम्भ
२६ गते बुधाष्टमी व्रत/गोरखकाली पूजा/राधा जन्मोत्सव
२९ गते हरिपरिवर्तिनी एकादशी व्रत/राष्ट्रिय बाल दिवस
३० गते प्रदोष व्रत/वामन द्वादशी व्रत

आत्मानन्दमा

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

समाधिमा श्रीरामकृष्ण

भक्तहरूमध्ये कोही-कोही काली मन्दिरमा देवीदर्शन गर्न गए । कोही-कोहीचाहिँ दर्शन गरेर गङ्गाजीको पक्की घाटमा बसेर एकान्तमा नाम-जप गर्दै छन् । रातको एघार बजेको हुँदो हो । थोरै अँधेरो छ । अब ज्वार आउनै लागेको छ, भागीरथी उत्तरवाहिनी भइरहेकी छिन् ।

रामलाल पूजापद्धति नामको पुस्तक च्यापेर एकबार माताको मन्दिरमा आए । उनी पुस्तक मन्दिरभित्र राख्न चाहन्थे । मणि मातालाई तृषित नजरले हेरिरहेका थिए, उनलाई देखेर रामलालले सोधे, के तपाईंभित्र आउनुहुन्छ ? मणिलाई साह्रै अनुग्रह भएको जस्तो लाग्यो र उनी मन्दिरभित्र गए ।

देखे, माताको अपूर्व छटा थियो, पूरा ठाउँ जगमगाइरहेको थियो । माताका सामुन्ने दुई ओटा दीपदान थिए, माथि झलमलाँउदो पानस, तल किस्तीहरूमा नैवेद्य सजाएर राखिएकाले भरिएको थियो ।

माताका पादपद्ममा जबापुष्ष र बेलपत्र थियो, शृङ्गाार गरिदिनेहरूले अनेक किसिमका फूलमालाहरूले मातालाई सुन्दरतासाथ सजाइदिएका थिए । मणिले अगाडि देखे, चमर झुलिरहेको छ । एकाएक उनलाई ख्याल आयो, यो चमर लिएर श्रीरामकृष्ण पङ्खा हम्कनुहुन्छ । अनि उनलाई लिन सङ्कोच लाग्यो । त्यही सङ्कुचित आवाजमा उनले रामलालसँग सोधे, "चमर लिन हुन्छ ?"

रामलालले आज्ञा दिए, मणि चमर लिएर व्यञ्जन गर्न लागे । त्यस बेला पनि पूजा शुरू हुन लागेको थिएन ।

जो, जो सबै भक्तहरू बाहिर गएका थिए, उनीहरू फेरि श्रीरामकृष्णको कोठामा फर्केर आई सम्मिलित भए ।

श्रीयुत वेणीपालले निम्ता दिएका छन् । भोलि सिंतीको ब्राह्मसमाजमा जानलाई निमन्त्रणा आएको छ । निमन्त्रणापत्रमा तारिखको गल्ती भएको छ ।

श्रीरामकृष्ण (मास्टरसँग)– वेणी पालले निम्ता पठाएको छ तर किन यसरी लेखेको होला ?

मास्टर– हजुर लेखेको ठीक भएन । लाग्छ, राम्ररी नसोचिकन लेखेको होला ।

श्रीरामकृष्ण कोठामा उभिनुभएको छ । साथमा बाबुराम छन् । श्रीरामकृष्ण पालले पठाएको चिठीबारे कुरा गरिरहनुभएको छ । बाबुरामको सहारामा उभिँदा उभिँदै एकाएक समाधिमग्न हुनुभयो ।

भक्तगणहरू उहाँलाई घेरेर उभिए । सबै यी समाधिमग्न महापुरूषलाई टकटकी लगाएर हेरिरहेका छन् । श्रीरामकृष्ण समाधि अवस्थामा बायाँ पाउ अलि बढाई उभिनुभएको छ, काँध केही झुकेको छ र उहाँको हात बाबुरामको गर्दनपछाडि छ ।

केही बेरपछि समाधि छुट्यो । त्यसबखत पनि उहाँ खडै रहनुभयो । गालामा हात राखी निकै चिन्तित भाव जस्तोमा उभिनुभएको छ ।

अलि हाँसेर भक्तहरूसँग भन्नुभयो, "मैले सबै देखेँ, को कति अघि बढ्यो । राखाल, यिनी (मणि) सुरेन्द्र, बाबुराम धेरैलाई देखेँ ।"

हाजरा– मलाई पनि ?

श्रीरामकृष्ण– अँ ।

हाजरा– अब पनि अनेक बन्घन छन् ?

श्रीरामकृष्ण– छैन ।

हाजरा– नरेन्द्रलाई पनि देख्नुभयो ?

श्रीरामकृष्ण– देखेको छैन, परन्तु अब पनि भन्न सक्छु, ऊ केही फसेको छ तर देखैँ कि सबैको बन्नेछ । (मणितर्फ हेरेर) सबैलाई देखैँ, सबका सब तयार भएर बसेका छन् (पार पाउनका लागि) ।

भक्तगणहरू निर्वाक भएर यो देववाणी सुन्दै छन् । श्रीरामकृष्ण यसलाई (बाबुराम) छोएपछि यस्तो भयो ।

हाजरा– पहिलो दर्जा कसको हो ?

श्रीरामकृष्ण चुप हुनुहुन्छ । केही बेरपछि भन्नुभयो, नित्यगोपाल जस्ता केही अरू पनि भेटिए त बडो राम्रो हुन्थ्यो । फेरि चिन्ता गर्नुहुन्छ । अझै पनि त्यही भावमा उभिनुभएको छ । अनि फेरि भन्नुहुन्छ, अधर सेनको यदि काम घटिदिएको भए तर डर छ कि गोरासाहेबले हप्काउन थाल्नेछ ।

यो न भनिदेओस्, के हो यस्तो सिल्लिपन ? (सबै मुस्कुराउँछन्)

श्रीरामकृष्ण पछि आफ्नो आसनमा गएर बस्नुभयो । जमिनमा भक्तगणहरू बसे । बाबुराम र किशोरी श्रीरामकृष्णको चारपाईमा बसेर उहाँका पाउ दाब्न लागे ।

श्रीरामकृष्ण (किशोरीतर्फ हेरेर)–क्या हो आज त खुब सेवा गरिरहेका छौ ।

रामलालले आएर शिर टेकी प्रणाम गरे र बडो भक्ति-भावपूर्वक पाउको धुलो लिए । माताको पूजा गर्न गइर हेछन् ।

रामलाल– त अब म जाऊँ ?

श्रीरामकृष्ण– ॐ काली ॐ काली । सावधानीसँग पूजा गर्नु । एउटा भेडाको पनि बलि गर्नु छ ।

(हिन्दी वचनामृतमा यो उल्लेख छैन ।)

महानिशा छ । अमावस्याको मध्यराति । पूजा आरम्भ भयो । श्रीरामकृष्ण पूजा हेर्न जानुभयो ।

माताको मूर्तिनजिकै उभिनुभएको छ । अब भेडाको बलि दिने बेला आएको छ । मूर्तिका अगाडि बलिपशुलाई पर्सियो । भक्तहरू लाइन लागेर हेरिरहेका छन् । पशुलाई बलिदिने ठाउँमा लागेपछि श्रीरामकृष्ण आफ्नो कोठामा फर्किनुभयो । उहाँलाई यो दृश्य सहन हुँदैन ।

रातको दुई बजेसम्म केही भक्तहरू काली मन्दिरमा रहिरहेका थिए । हरिपदले कालीमन्दिरमा गएर सबैलाई भने, "हिँड-हिँड, बोलाएका छन्, प्रसाद-भोजन तयार भएको छ ।" भक्तहरूले देवीप्रसाद पाए र जसले जहाँ ठाउँ पायो, त्यहीँ पल्टिए ।

उज्यालो भयो । माताको प्रातकालीन नित्य आरति भइसकेको छ । माता सामुन्नेको सभामण्डपमा नाटक देखाइरहेको छ । श्रीरामकृष्ण पनि नाटक हेर्न जाँदै हुनुहुन्छ । मणि सँगसँगै गइरहेछन्, श्रीरामकृष्णसँग बिदा माग्नका लागि ।

श्रीरामकृष्ण– के तिमी यसै बेला जान चाहेको ?

मणि– हजुर, आज दिनको पछिल्ले पहरमा हजुर सिंती जानुहुन्छ । मलाई पनि त्यहाँ मन लागेको छ । यसैले केही समय घर पुगेर आउँछु ।

गर्दै मणि काली मन्दिर आइपुगे । नजिकै सभामण्डप छ । नाटक चलिरहेको छ । मणिले सिँढीमुनि श्रीरामकृष्णलाई भूमिष्ठ भएर प्रणाम गरे ।

श्रीरामकृष्णले भन्नुभयो, "लौ त जाऊ, सस्तो खाले आठहाते एक जोडी धोतीहरू मेरा लागि ल्याउनू । नुहाउँदाखेरि लाउनुपर्छ ।" क्रमशः

अनुवादकः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रोतः श्रीरामकृष्ण वचनामृत

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–

श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मो. ९८६२५९६५७२



मोक्ष चिन्तन ! धर्म चिन्तन ! लक्ष्य चिन्तन !

– डा चिन्तामणिनाथ योगी

आजभोलि सर्सर्ती हेर्दा समाजमा धर्मप्रति रूचि बढेको देखिन्छ, जिज्ञासा बढेको देखिन्छ तर साथै विभिन्न रूपमा धार्मिक व्यवसाय पनि बढेको देखिन्छ । सामान्यतः मूल्यांकन गर्दा जुन रूपमा धर्मचर्चा, धर्मचिन्तन, योग चिन्तन, मोक्ष चिन्तन वा आध्यात्मिक संवाद देखिन्छन् सबै सकारात्मक नै छन् जस्तो लाग्छ । तर गहिरिएर जाँदा के साँच्चिकै श्रद्धालु जिज्ञासुहरूको संवाद बढेकै हो त ? धर्मचिन्तन गर्नेहरूको संख्या बढेकै हो त ? योग साधकहरूको संख्या बढेकै हो त ? भनेर पनि चिन्तनमा चिन्तन गर्न मन लाग्छ ।

धर्मस्य तत्त्वम् निहितं गुहायां भने जस्तै धर्मतत्त्व बुझ्न नसकेका हौं वा बुझ्न नचाहेका हौं ? भनेर सोच्न पनि आवश्यक भयो कि ? जस्तो लाग्छ । धर्मस्य सूक्ष्मा गतिः भने जस्तै धर्मको सूक्ष्म रूप, रहस्य वा गति बुझ्न नसक्दा कतै आडम्बरी मार्गमा फस्दैछौं कि ? भनेर सतर्क हुने बेला आयो कि भन्ने पनि लाग्छ ।

आफ्नो कुनै स्वास्थ्यको समाधानका लागि medical process बाट कुनै विकल्प नपाउँदा वा समुचित सहारा नपाउँदा अन्त्यमा योग गर्ने व्यक्तिहरूलाई योगगुरू भन्ने ? साधक भन्ने ? वा ग्राहक भन्ने ? वा सदस्य भन्ने ? वा उपचारग्राही, सेवाग्राही भन्ने ? प्रश्न पनि उठाउनु पर्ने हो कि ?

यसैगरी निष्पाप, निष्पक्ष, सदाचारी, सात्विक, त्यागी जीवनमा पूर्ण समर्पित नभएका व्यक्तिले पनि हक हित अधिकार सहित, आर्थिक लाभ सहित शुल्क नै तोकेर, प्रतिशत नै तोकेर, विभिन्न प्रकारको बहानामा सदस्यताका ठेली कटाएर गरिने/ गराउने धार्मिक क्रियाकलापलाई जागरण भन्ने कि ? अभियान भन्ने कि ? व्यवसाय भन्ने कि ? भनेर पनि चिन्तनमा चिन्तन गर्ने बेला आयो कि ? जस्तो पनि लाग्छ ।

आजभोलि प्रारम्भिक ज्ञान वा साधना वा चिन्तन वा संस्कार वा समुचित जग नै नभएका व्यक्तिहरूले पनि एकैपटक मोक्षको कुरा गर्दा वा गहन ज्ञानको कुरा गर्दा वा उच्च वेदान्तको कुरा गर्दा साथै येनकेन अभ्यास पनि गरिहाल्दा समग्रमा कल्याणकारी हुन्छ कि हुँदैन ? भनेर पनि चिन्तनमा चिन्तन गर्ने बेला आएको छ ।

यसै सन्दर्भमा कोही एक जनाले अमेरिकाबाट फोन गर्नु भयो र वेदान्तको बारेमा केही बताइदिनुहोस् भनेर निवेदन गर्नुभयो साथै बालबालिकाहरूले बुझ्ने गरी भनिदिनुहोस् पनि भन्नुभयो । अनि उहाँलाई बालबालिकाहरूलाई बुझ्ने गरी त वेदान्त दर्शन भन्दा पनि गीता दर्शन राम्रो हुने हो कि ? अझ गीता दर्शन भन्दा पनि रामायण पो उपयुक्त हुने हो कि ? अथवा रामायण भन्दा पनि हाम्रो समग्र सनातन संस्कृतिका सरल व्यावहारिक सदाचारी पक्षहरू- मातृदेवो भव, पितृदेवो भव आदि- को बारेमा व्याख्या विश्लेषण गरिदिने हो कि ? वा त्यस्ता जिज्ञासु विद्यार्थीका लागि, बालबालिकाका लागि हाम्रा सनातन शास्त्रहरूमा आधारित केही नैतिक कथाहरूलाई वैज्ञानिक, व्यावहारिक, वैश्विक तरिकाले व्याख्या गरिदिने हो कि ? भनेर मैले उत्तर दिने प्रयास गरें ।

यो दृष्टान्तबाट के देखिन्छ भने जिज्ञासुहरूलाई पनि के कुरामा कसरी कति जिज्ञासा गर्ने हो ? भन्ने बारेमा स्पष्टता छैन । गुरूहरूले, पण्डितहरूले, विद्वान् हरूले पनि कसलाई कुन स्तरमा, श्रेणीमा राखेर मार्गदर्शन गरिदिनुपर्छ भन्ने कुराको गम्भीर भावले चिन्तन नगरिकनै आफूले जानेको विषय मात्र थोपरिदिने, आफ्नो संस्था र संप्रदायको माला झटपट भिराइदिने, आफ्नो संस्थाको सदस्यता ठेली मात्र कटाइदिने व्यावसायिक वृत्ति बढ्यो कि ? यस्तो हतारोको प्रयोजन के ? गुरूहरूको, पण्डितहरूको, विद्वान्हरूको काम त कदापि व्यावसायिक होइन, मात्र आध्यामिक हो नि ।

यी सबै कुराहरूले गर्दा अहिले चाडपर्वको प्रसंगमा, मठ मन्दिर आदिको प्रसंगमा वा विभिन्न प्रकारका धार्मिक सभा सम्मेलन, कथावाचन आदिका प्रसंगमा एक प्रकारको

उत्साह देखिए तापनि के ती साँचिकै परिवर्तनकारी, कल्याणकारी, रूपान्तरकारी, जीवनदायिनी भएका छन् त ? वा हुन सक्छन् त ? भन्ने गम्भीर चिन्तन आवश्यक छ ।

केही दिन पहिले एक जना साधकले फोनद्वारा अचानक मोक्षको सम्बन्धमा प्रश्न गर्नुभयो । अब यस प्रश्नको उत्तर छैन भनूँ भने मसँग छ; छ भनूँ भने मसँग छैन । किनकि यो विषय आफैमा गहन दार्शनिक विषय हो, सूक्ष्म हो, आध्यात्मिक पनि हो । यसका धेरै अंगहरू छन् । सोझो तरिकाले मैले मलाई आफै नै मोक्षको अनुभूति भाको छैन, तिमीलाई मोक्ष कसरी सिकाउँ ? भनेर पनि भएन । आजभोलि देखापरेका व्यावसायिक गुरूको शैलीमा मेरो चेला बन, म तिमीलाई मोक्ष दिन्छु भनेर ठेक्का लिनु पनि भएन । पात्रताको पूर्ण अध्ययन विना गरिएका सबै लेनदेन अन्तमा घातक नै हुन्छन् । सधैं सबै प्रसंगमा रामकृष्ण परमहंस र स्वामी विवेकानन्दको दृष्टान्त पनि त जोड्न नमिल्ला नि ।

मेरो विचारमा त आफ्नो जीवनलाई आफै सम्मान गरेर अत्यन्तै सभ्य शान्त संयमित सात्विक रूपले अगाडि बढे पनि पुग्छ नि । किन मोक्षको चिन्ता ? आशा वा आसक्ति ? मृत्यु पश्चात् पाइने पौराणिक मोक्षको चाहना पनि किन ? अहिले त सबैभन्दा पहिले अनिद्राबाट मोक्ष चाहिएको छ; अहंकारबाट मुक्ति चाहिएको छ; घृणाबाट, स्वार्थबाट, नकारात्मकताबाट, व्यक्तिवादबाट मुक्ति चाहिएको छ; अज्ञानको कालो बाक्लो डरलाग्दो अन्धकारबाट मुक्ति चाहिएको छ । फेरि अर्को कुरा चाहिं, मुक्तिको नाममा सिङ्गो समाजको समुन्नतिको जुन हाम्रो प्रथम मानवीय दायित्व छ, त्यो दायित्वबाट पनि त भाग्नुभएन नि, पन्छिनुभएन नि ।

अर्जुन पन्छेनन् कुरूक्षेत्रबाट; राम पन्छेनन्, सोह्र हजार वर्ष जति राज्य गरे । हामी किन पन्छिने त ? कृष्ण पन्छेनन्; त्यत्रो कंसको वध गरे, त्यत्रो महाभारतमा नेतृत्व गरे; हामी किन पन्छिने त ? राजर्षि जनक पन्छेनन्; हलो समेत जोते । हामी किन पन्छिने त ? गोरखनाथ पन्छेनन्; पृथ्वीनारायण शाह भेटिन्छन् कि ? द्रव्य शाह भेटिन्छन् कि ? रत्नपरीक्षक भेटिन्छन् कि ? को को भेटिन्छन् ? कहाँ कहाँ भेटिन्छन् ? भनी खोज्दै आशीर्वाद दिंदै हिंडे । हामी किन पन्छिने त ? वास्तवमा यो समाजकै मुक्तिमा नै आफ्नो मुक्ति देखिन्छ । यी दीनदुःखीको सेवामै सारा प्रज्ञा क्रमशः खुलेको जस्तो लाग्छ ।

आजभोलि फेसबुकमा 'आफ्नो खुसी हेर, मात्र आफ्नो खुसी, मात्र आफ्नो जिन्दगी' भनेर जुन अधुरो अधुरो प्रवचन गर्दै हिंड्छन् ती व्यावसायिक विद्वान्हरूको जीवनमा नै खुशी छैन कि जस्तो पनि लाग्छ । स्वबाट स्वत्वको यात्रा हुनुपर्नेमा स्वार्थमा गएर पो खुम्चिए कि ? जस्तो लाग्छ । 'अपनी खुसी, अपनी जिंदगी, अपने लिए जिओ' भनेकोमा पनि ब्रह्म देख्न सक्नुपर्छ ।

ब्रह्म भनेको समष्टि भाव हो । समष्टि भन्दा अलग जुन 'म' हो त्यो 'म' त अहंकार हो, त्यो त व्यक्तिवाद हो, अन्धकार हो । अहंको सकारात्मक रूप ब्रह्म हो भने नकारात्मक रूप अहंकार हो; अहंको सीमित रूप व्यक्तिवाद हो भने उदार रूप अध्यात्मवाद हो ।

मलाई त भजनबाटै, ध्यानबाटै, प्रार्थनाबाटै, सेवाबाटै, स्वधर्मबाटै, सत्संगबाटै विभिन्न प्रकारका सनातन परम्परागत ज्ञानगुनबाटै मुक्तिको अनुभूति भै राख्या छ । मलाई छुट्टै पुराण आदिमा वर्णन गरिएको मोक्षको न आशा छ, न चाहना छ । म त सनातन चिन्तन र साधनामा छु । यस सनातनमा नै ध्यान पनि छ, भजन पनि छ, प्रार्थना पनि छ । यसैमा सेवा, परोपकार पनि छ, कर्मयोग पनि छ, भक्तियोग पनि छ, ध्यानयोग पनि छ, राजयोग पनि छ, हठयोग पनि छ, सबै छ । यसैमा वेद छ, बुद्ध छ, महावीर छ, गोरखनाथ छ । यसैमा हाम्रा सम्पूर्ण संस्कृति संस्कारका कुराहरू छन्, पुर्ख्यौली ज्ञान विज्ञान दर्शनका कुराहरू छन् । मद्‌भक्ताः यत्र गायन्ति तत्र तिष्ठामि नारद भने जस्तै यही मृत्युलोकमै अमृतलोक छ । क्रमशः

हिन्दु विद्यापीठ, बालकुमारी, ललितपुर

मठ मन्दिर सबैको साझा सम्पत्ती हो, यसको संरक्षण र सम्वर्द्धनमा सबैले हातेमालो गरौं ।

☆ ☆ ☆

पशुपति क्षेत्रलाई स्वच्छ र सफा राखौं ।

सके सफा गरौं, नसके फोहोर चाहिँ नगरौं ।

(ऋग्वेदोक्त सुप्रसिद्ध श्रीसूक्त सोह्र मन्त्रको नेपाली भावानुवाद)

श्रीसूक्त ! तिमी आऊ हाम्रो घर

–मुकुन्द शर्मा, चालिसे

सुनारङ्गी सारी अति हृदयहारी फरफर
सुनौला मालामा रजत उनिएको लरबर
शरज्ज्योत्स्ना जस्ती विमल सुन जस्ती भरभर
रमालाई ल्याऊ श्रुतिवदन हे अग्नि अमर ! ॥

छिटो बोलाऊ हे अनल ! अब लक्ष्मीकन तिमी
उनैको नै आवाहन गरिरहोस् यो मन पनि
सदा सत्तो सेवा गरिकन म पाऊँ अविचल
कयौं छोरा छोरी, कनक, सुरभी, अश्व असल ॥

कुदेका छन् घोडा पछि पछि कुदाई रथ पनि
बसेकी छ्यौ सोही उपर सुखका साथ जननी
यता हात्ती गर्छन् हिनहिन, जगत् हुन्छ मुदित
तिमी आऊ हाम्रो घर छ, बस, आनन्दसहित ॥

कुनै छिन् हाँसेकी मुसुमुसु, सुनौला भवनकी
बलेकी चम्केकी नवजलपरी हुन् कि सुनकी
बसेकी फक्रेको कमलदलमा पद्मवदना
म बोलाऊँ त्यस्तीकन धन भराऊँ भवनमा ॥

जुनेली झैं राम्री विमल यशले सज्जित हुँदी
सबैलाई जाती नरअमरले पूजित हुँदी
रमे ! आऊ हाम्रो घर कवि पऱ्यो आज शरण
सबै होऊन् मेरा असगुन र दारिद्र्य हरण ॥

तिमी चम्केकी छ्यौ अरूण सरि आफ्नै तपसले
फलायो मज्जाले कुसुमविनुको बेल त्यसले
टिपी दाना दाना सविनय म अर्पन्छु जननी !
गरीबी मेटाऊ अनि हर हियाको बह पनि ॥

म जम्मै द्यौताको प्रिय अनलको आदर गरूँ
मिलोस् थुप्रो हीरामणि र त्यसले यो घर भरूँ
म जन्मेको प्यारो अति असल नेपाल यसमा
रमाऊँ हे लक्ष्मी ! अनि जुनि बिताऊँ सुयशमा ॥

नहोस् खाली कैल्यै पनि भवनमा अन्न र जल
गरीबीले होऊन् न त सकल जाहान विकल
अलक्ष्मीको केही अनुभव नहोस् जीवनभरि
थुपारीदेऊ हे जननि ! रूपियाँ यो घरभरि ॥

सुगन्धी गुच्छा छन् पदकमलमा देवि कमले
दिई पैसा पुछ्र्यौ स्वजनकन पुष्टा र अचले
जगत्की मालिक्नी अनि विजयिनी हे भगवती !
मलाई सम्पत्ति प्रचुर गरिदेऊ, छ विनिति ॥

मिलोस् तिम्रो आशीर्वचन, मनको वाञ्छित पुगोस्
मिठो बोली पाऊँ, पशु र गहुँ जौ धान पनि होस्
भई औलादौला सबकन रिझाएर भवमा
म बाँचूँ हे आमा ! प्रथित यशसाथै विभवमा ॥

तिमी आऊ मेरा घर बस सधैँ कर्दम ऋषि !
तिमीलाई पाएपछि त शुभलक्ष्मी पनि खुसी
झुलाएकी राम्रोसित कमलमाला गलमुनि
रमा आऊन्, हाम्रो कुल मगमगाओस् जुनिजुनी ॥

मजाले टल्केको घर वरुणको आश्रय रही
रहू अर्का क्लीताभिध पनि यहीँ निर्भय भई
तिमी चारै छोरा बस बस र आमाकन पनि
यहीँ नै बोलाऊ अनि कुल बनाऊ अझ धनी ॥

भिजेकी हात्तीले छरबर गराएर सलिल
पहेलो क्यै रातो वदन अथवा चन्द्र विमल
सुवर्णा चन्द्राको कुवलय गलामा अझ झुलोस्
यहाँ ल्याऊ द्यौता अनल ! उनको पोषण मिलोस् ॥

लुछुप्पै छन् जम्मै वसन जल छर्केर गजले
बजार्ने पापीका शिरउपर डन्डा गजबले
सुवर्णा सूर्याको नवकमलमाला छ गलमा
तिनैलाई ल्याऊ अब अनल ! हाम्रो महलमा ॥

उनै लक्ष्मी माता असल धनकी हुन् शिरभर
जसै आइन् हाम्रो घर अब नजाऊन् परपर
मिलून् गाई घोडा स्वजन अनि धेरै परिजन
म आगोका द्यौताकन हृदयले गर्छु नमन ॥

बनी शुद्ध ध्यानी घिउ हवन गर्दै दिन दिन
जपोस् जम्मै मालासहित अधिका मन्त्र गहन
उसैले कुम्ल्याओस् अविचल हुने उत्तम धन
त्यसैले बेहानै उठ सुजन ! यो औसर लिन ॥❖

–बूढानीलकण्ठ– ४,कैलासकुञ्ज

पदभार ग्रहणः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरूणकुमार चौधरी पदभार ग्रहण गर्नुहुँदै । सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले गत साउन १८ गते उहाँलाई राज्यमन्त्रीमा नियुक्त गर्नुभएको हो ।

पार्वतीकृत हरितालिका पर्व

– सहप्रा. डा. विनुबाबा अर्याल

नेपाल अध्यात्म दर्शनको विशिष्ट भूमि हो । देवाधिदेव महादेव र जगन्माता पार्वतीको कृडा भूमिको रूपमा रहेको यो देश ऋषिमुनिहरूको तपस्थलीको नामले समेत परिरचित छ । ने मुनिद्वारा परिपालित भएकै कारण यस देशको नाम नेपाल रहेको हो भन्ने मान्यता छ । यो भूमिलाई व्यास, वाल्मीकि, वशिष्ठ, कश्यप, अत्रि आदि ऋषिहरूको विचार र व्यवहारले सिञ्चित गराउँदै ल्याएको छ । विश्व समाज प्रगाढ निद्रामा रहेको बेला सर्वप्रथम जाग्ने पनि यिनीहरू नै हुन् । जगाउने पनि यिनीहरू नै हुन् । यहीं नै वेदका मन्त्रहरू देखिएका, लेखिएका थिए । (पूर्वीय दर्शन विमर्श; कमल रिजाल, रत्न, पुस्तक भण्डार, पेज २)

वैदिक मान्यतामा संस्कार नै त्यो तत्त्व हो जसले एउटा मानिसलाई सुसंस्कृत बनाउन सक्छ, संस्कारको अभावमा सुसंस्कृत समाज निर्माण हुने कल्पना पनि गर्न सकिँदैन । वैदिक हिन्दु धर्म संस्कृति संसारकै प्राचीन र परिष्कृत धर्म संस्कृति मध्ये एक हो । अन्य धर्म संस्कृतिभन्दा यसको फरक विशेषता के छ भने यसका स्वरूप निर्धारक ऋषिमुनिहरूले परिष्कृत बुद्धि वैभव लगाई जीवनको मूल लक्ष्यलाई अर्जुनदृष्टि दिएर यसको बाहिरी स्वरूप निर्धारण गरेका छन् । यसरी निर्धारित मूल लक्ष्य या केन्द्रविन्दु भनेको आत्मा हो । त्यसैले आत्मसुखमा अनुकूल र उपयोगी हुने विधि व्यवहार नै यससित सम्वद्ध संस्कृतिको विशेषता हो ।

धर्म शाश्वत हो भने संस्कार, देश, काल र मात्र सापेक्ष कुरा हो । त्यसैले धर्मको संरक्षणका लागि समाजमा जुन संस्कार र संस्कृतिको विकास गरिन्छ त्यो उक्त समाजको सामाजिक र सांस्कृतिक पहिचान हो । तर त्यो धार्मिक पहिचान होइन फलस्वरूप हामीले संस्कारको आधारमा धर्मको निरूपण गर्न सहज हुँदैन तर धर्मको आधारमा संस्कारको निरूपण गर्न भने सहज हुन्छ । धर्म परिवर्तनशील छैन तर संस्कारलाई समय अनुसार परिमार्जन गर्दै लैजान सकिन्छ ।

संस्कारमा नबाँधिएको समाज वास्तवमा भद्रगोलयुक्त हुन्छ । त्यस्तो समाज आक्रान्त हुन्छ । सबैलाई चित्त बुझ्ने गरी र प्रभावकारी रूपमा शासन गर्न नसकिने प्रकारको हुन्छ । संस्कारले नै व्यक्ति, संस्था र समाजमा नैतिक परिधि निर्धारण गर्दछ । संस्कार नै मानिसको प्राकृतिक वा अनियन्त्रित मनोवेगलाई नियन्त्रणमा ल्याउने साधन हो भने कर्मकाण्ड संस्कार फैलाउने एउटा विधि हो, साथै संस्कार चाहिं संस्कृति निर्माणको मूल तत्त्व हो, अनि उन्नत संस्कृति एउटा सभ्य समाजको आधार हो ।

संस्कारले उन्नत भएको सामाजिक व्यवस्थामा हरेक व्यक्तिले आफ्नो कर्तव्य वा दायित्व कुनै विकसित पद्धतिमा आधारित भएर निभाउँछ । त्यसैले त्यो संस्कारको विकास गर्न बाल्यकालदेखि आफ्नो सभ्यताको केन्द्रिय आस्था वा मान्यतालाई स्थापित गर्नुपर्ने आवश्यकतालाई बुझेर समाजमा त्यही अनुरूपको कर्मकाण्डहरू विकास गरिएका थिए । ती कर्मकाण्डलाई संस्कारसँग संयोजित गरिएको थियो त्यसै अनुरूप हरितालिका व्रत पनि हिन्दु संस्कृतिभित्रका महत्त्वपूर्ण पक्षहरूमध्ये एक हो । विवाह या दाम्पत्य जीवन, दाम्पत्य सम्बन्धको स्वच्छता, पवित्रता र दृढतालाई यस संस्कृतिले आदरणीय स्थान दिएको छ ।

दाम्पत्य जीवनको सफलतालाई हाम्रा अतीतकालिन चिन्तक ऋषिमहर्षिहरूले बडो महत्त्व दिएका छन् । मानवधर्मका प्रथम व्याख्याता मनु स्वयं वास्तविक कल्याण कहाँ रहन्छ भन्ने प्रश्नको उत्तरमा भन्दछन्–

सन्तुष्टो आर्यया भर्ता भार्या तथैव च।
यस्मिन्तेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम्।

अर्थात् जुन कुलमा भार्या (पत्नी) बाट भर्ता (पति) र भर्ताबाट भार्या नित्य सन्तुष्ट रहन्छन् त्यही कुलमा कल्याण स्थिर रूपले रहने हुन्छ। हुन पनि त्यस्तो परिवार छरछिमेक या देशमा कल्याण रहँदैन जहाँ पति पत्नी बीच द्वेष छ, दुर्भावना छ, कलह घर झगडा छ, एक अर्काप्रति अविश्वास र असन्तुष्टि छ। त्यसो हुँदा कल्याण त्यहाँ रहन्छ, जुन परिवारमा मेल छ, सन्तुष्टि छ, दाम्पत्य कलह छैन भन्न सकिन्छ। गृहस्थाश्रममा असल पत्नी (गृहणी) को महत्त्वलाई दर्शाउँदै नीतिमा भनिएको छ–

न गृहं गृहमित्याहु गृहिणी गृह मुच्यते
गृहं तु गृहिणी हीनै अरण्यसदृशं मतम्।

अर्थात् गृह (घर) गृह होइन वस्तुतः गृहिणी नै गृह (घर) हुन्। गृहिणी विहीन गृह अरण्य याने निर्जन वन समान हो। (हाम्रा धार्मिक चाडपर्व, चेतोनाथ शर्मा पेज २०१)

गृम्णामि ते सांभगत्वाय हस्तं मया पत्या जर दृष्टिर्य व्यासः।

अर्थात् हे बधु! म सौभाग्यको लागि तिम्रो हात ग्रहण गर्दछु। पतिका साथमा अब सँगै एक भएर जीवन बिताऔं। (ऋग्वेद१०/८५/३६) यो विवाहको सन्दर्भ हो। विवाह गृहस्थ जीवन चलाउने संस्कारयुक्त जीवन पद्धति हो। एउटा आत्माले अर्को आत्मालाई पूर्ण रूपमा स्वीकार्नु नै विवाह हो।

आत्माको ज्ञान नै अध्यात्म हो। अन्तरआत्मालाई चिन्नु नै अध्यात्म हो। अध्यात्मले मानवलाई शारीरिक एवम् भौतिक स्वरूपबाट मानसिक रूपमा चेतनाको माध्यमले आत्मतत्त्वको बारेमा ज्ञान दिलाउँछ। जीवन उत्सर्गको मार्ग देखाउँछ। प्रकाशरूपलाई शिव तत्त्व र विमर्शरूपलाई शक्ति तत्त्व भनिन्छ। शिवको ज्योति प्रकाशलाई विमर्शको माध्यमले फैलाउने कार्य नै शिव शक्ति तत्त्व हो। त्यसैले शक्ति तत्त्व विना शिव तत्त्व अधुरो रहन्छ। यसैले ज्योतिर्मय प्रकाशयुक्त शिवतत्त्व विमर्शमय भएर नै प्रज्वलित हुन्छ भनिन्छ।



शक्ति र शक्तिमानको अभिन्न सम्बन्ध रहन्छ, जसरी पुष्पबाट गन्ध पृथक हुन सक्दैन, यिनीहरू पनि कहिल्यै एक दोश्रोबाट अलग रहँदैनन्। अतः उपासना गर्दा पनि भगवान् भन्दा पहिले उनको शक्तिको प्राधनता हुने भएकोले सीताराम, राधाकृष्ण, लक्ष्मीनारायण, गौरीशङ्कर आदि नामहरू उच्चारण गर्दछौं। त्यसैले संसारबाट चल्ने समस्त क्रियाहरू महाशक्तिको आफ्नो मायाको खेल हो र मायाशक्ति ऊबाट अलग हुँदैन। द्रष्टा छैन भने दर्शन पनि हुँदैन।

नेपालीहरूको सबैभन्दा बढी आस्था भएका देवताका रूपमा भगवान् पशुपतिनाथ (शिव)लाई लिइन्छ। र जहाँ शिवको उपासना गरिन्छ, त्यहाँ निश्चय नै शिवकी शक्ति पार्वतीले शिवको उपासना गरेको प्रमाणहरू पाइन्छ।

पूर्व समयमा दक्षपुत्री जगन्माता सतीले शिव निन्दाको कारण पिताको यज्ञमा आफ्नो शरीर त्याग गर्नुभयो। यसपछि ती देवी त्यस शिवनिष्ठाको प्रभावले दोश्रो जन्ममा हिमालयको पुत्री हुनुभयो। उहाँ नारदको उपदेशबाट

शिवका निम्ति तप गर्न लाग्नुभयो ।

भविष्यपुराणका अनुसार पतिरूपमा शिवलाई पाउन हावा, पात खाएर कठोर तपस्यामा रहेकी पार्वतीलाई विष्णुको लागि माग्दा पार्वतीका पिता हिमालयले स्कीकृत दिएकोमा दुःखित भएकी पार्वतीलाई उनका सखीहरूले भगाएर (हरण गरी) जङ्गलमा लगि लुकाएर राखे । यसरी पार्वती सखीहरूद्वारा हरण गरिएकी हुँदा यस पर्वलाई 'हरितालिका' पनि भनिन्छ । पार्वतीले भाद्रशुक्ल तृतीयाको दिनमा वालुवाको शिवमूर्ति बनाएर पुज्दा शिवजी प्रशन्न भई प्रकट भएर आफूलाई पार्वती पतिका रूपमा वरदान दिनुभयो । अतः भाद्र शुक्ल तृतीया तिथिका दिन मनाइने व्रत 'हरितालिका व्रत'को नामले प्रसिद्ध छ । यसलाई लौकिक भाषामा तीजको व्रत पनि भनिन्छ । वस्तुतः तीज पर्व भगवती पार्वतीको व्रत हो, यो व्रत खासगरी महिलाहरूले लिने व्रत हो ।

पार्वतीको दाम्पत्य जीवन सुखमय रहेबाट पनि तीजको महत्त्व स्वतः स्पष्ट भएको छ । सत्यगुगमा पार्वतीले शुरू गर्नुभएको तीजको व्रत आजका हिन्दु नारीहरू पनि उत्तिकै श्रद्धाका साथ लिने गरेका छन् । यस दिन सक्नेले पानी पनि नपिएर निराहार बसी, नसक्नेले फलफूल, दूध, हल्का आहार लिई दिनभरि व्रत वसेर साँझ बत्ती बाली महादेवको पूजा अर्चना गर्दछन् । आफ्नो पति र सम्पूर्ण घरपरिवारको सदस्यहरूको आयु वृद्धि होस्, सुख समृद्धि बढोस् भनी प्रार्थना गर्दछन् । तीजमा नाचगान र भजन कीर्तन समेत गरिने हुँदा यो पर्व सङ्गीतमय हुने गर्दछ ।

आ-आफ्नो सफल दाम्पत्य जीवनको कामना गरेर लिने यो तीजव्रतले आफ्नै प्रकारको महत्त्व राख्दछ । जुन पर्वले जीवनको लक्ष्यलाई आदर्शतिर अभिप्रेरित गरेको छ । संस्कृति परम्पराले नै समाजको परिचय बोकेका हुन्छन् भने हाम्रो चाडपर्वले हाम्रो परिचय दिन्छन् । हाम्रा धर्म संस्कृति चाडपर्वहरू राष्ट्रका पहिचान हुन् । पुर्खाका धरोहर हुन् । हाम्रा हिन्दु नारीहरूले वर्षैपिच्छे तीज पर्व मनाएर परम्परागत मूल्य र मान्यतालाई निरन्तरता दिई संस्कृतिको जगेर्ना गरिरहेका छन् । जीवनको मूल्य बुझिरहेका छन् ।

समाज परिवर्तनशील छ । परिवर्तनले संस्कृतिमा भएका कुनै पक्षलाई अस्वीकार गर्न खोज्छ वा जस्ताको त्यस्तै रूपमा निरन्तरता दिँदैन । त्यसैले समसामयिक परि स्थितिलाई ध्यानमा राखी यसको दुर्बल पक्षलाई त्याग्दै यसलाई निरन्तरता दिनु आवश्यक हुन्छ । सनातन वैदिक हिन्दु धर्म संस्कृतिले जसरी उद्देश्यपूर्ण, साधनामय र समाज

कल्याणप्रति संवेदनशील रहेर सुन्दर जीवन निर्माण गर्ने प्रेरणा प्रदान गरेको छ, त्यस भावनाको कदर गरेर संस्कृति र संस्कारको मर्म, धर्मलाई बुझ्नु पर्दछ ।

धर्ममा आश्रित भएका यी पर्वहरूलाई हामीहरूले जोगाउँदै बलियो बनाउँदै पुस्तान्तरण गर्नु पर्दछ । धर्म, संस्कार र संस्कृतिमा विचलन र विकृति आयो भने त्यसले समाजलाई सकारात्मक भन्दा नकारात्मक प्रभाव पार्न सक्दछ । त्यसैले यस्ता विकृति र विसंगति विरूद्ध सचेत रहनु पनि उत्तिकै आवश्यकता छ । हिजो आज तीज पर्वमा पनि केही विसंगति भित्रिएका छन् । पोषक र गरगहनामा अनावश्यक प्रतिस्पर्धा हुन थालेका छन् । हुने खानेको देखासिकी गरी हुँदा खानेको निम्ति तीज पर्व थप बोझ बन्दै गएको छ भने अर्कोतर्फ तीजको दरको नाममा पनि महिनौं देखि भक्ष, अभक्ष पदार्थ सेवन गर्ने परिपाटीले यो पर्व बोझिलो बन्दै छ । यसैगरी यस पर्वमा गाइने गीत पनि अस्लिन र अभद्र हुँदै गएकोले मौलिकता हराउँदै छ ।

नैतिकता, सदाचर, सद्व्यवहार, सद्विचार आदिको मूल आधारस्तम्भ भनेको धर्म नै हो । तर आज नेपाली समाजमा देखिएका सम्पूर्ण समस्याको मूल जरो चारित्रिक पतन नै हो । धर्मले अनुशासन मर्यादा नीति नियमको स्वतः पालनाको पाठ सिकाउँछ, पाप गर्नबाट रोक्ने प्रयास गर्दछ । अतः रक्षित धर्मले व्यक्ति, परिवार र समाजको रक्षा गर्दछ ।

श्रद्धामा भगवान्को वास हुन्छ भने अन्धविश्वासमा भूतप्रेतको वास हुन्छ । भगवान्बाट आनन्द मिल्दछ, भूतप्रेतबाट भय, त्रास डर मिल्दछ । वास्तविकता बुझेर गरिने कार्यलाई श्रद्धा भनिन्छ । हाम्रा चाडपर्वहरूलाई श्रद्धाले युक्त बनाउनु पर्दछ । यस्तैबाट हाम्रो वैदिक सनातन धर्मको रक्षा हुन्छ, सुसंस्कृत समाजको निर्माण हुन्छ ।❖

–बत्तीसपुतली, काठमाडौं

सन्दर्भसामग्रीः

१. आचार्य, इतिहास शिरोमणि बाबुराम (२०६३) नेपाल संक्षिप्त इतिवृतान्त, प्रा. श्रीकृष्ण आचार्य, काठमाडौं

२. उपाध्याय, बलदेव (सन् १९६२) आर्य संस्कृति के आधार ग्रनथ नन्दकिशोर एण्ड रन्सि वाराणसी ।

३. मिश्र आचार्य पण्डित शिवदत्त शास्त्री (२०४६) श्री शिवमहापुराणम्, ठाकुर प्रसाद बुक्सेलन, चौक वारणसी ।

४. बज्राचार्य पुण्यरत्न (२०४३) हाम्रो चाडपर्व पाँचौ संस्करण रत्नपुस्तक भण्डार भोटाहिटी काठमाडौं ।

ऐतिहासिक कोटिहोम सम्पन्न

मानव सेवा फाउण्डेसन लगायतका विभिन्न ११ वटा संस्थाहरूको आयोजनामा पशुपति क्षेत्रमा साउन १ गतेबाट सञ्चालित ऐतिहासिक श्रीपशुपति कोटिहोम एवम् १०८ श्रीमद्भागवत विश्व कल्याण मासिक ज्ञान महायज्ञ साउन ३२ गते समापन गरिएको छ । श्री विजय कृष्णमूर्ति जी महाराजको सत्सङ्कल्पमा अभिभावक विहीन अनाथ तथा आधारभूत आवश्यकताबाट वञ्चित बालबालिकाहरूलाई निःशुल्क रूपमा गास, बाँस, कपास, स्वास्थ्य र शिक्षा प्रदान गर्दै आइरहेको मामाघर अनाथालय आश्रम, ललितपुर र वेसहारा, पीडित, दुःखी गरिव र आधारभूत आवश्यकताबाट वञ्चित ज्येष्ठ नागरिकहरूलाई निःशुल्क रूपमा गास, वास, कपास र स्वास्थ्य प्रदान गर्दै आइरहेको छोरीको घर ज्येष्ठ नागरिक आश्रम भक्तपुरको भवन आदि निर्माण सहयोगार्थ आयोजित सो मासिक ज्ञान महायज्ञमा पशुपति कैलाश परिसरमा दश कुण्डीय कोटिहवन, मोटरपार्किङस्थल भकुण्डोलमा कोटि पार्थिव शिवलिङ्ग निर्माण, कोटि बिल्लपत्र अर्पण सहित नेपाल महात्म्य प्रवचन, हंशमण्डप परिसरमा धार्मिक महामहोत्सव अन्तरगत देशविदेशका ख्यातिप्राप्त प्रवचनकर्ताहरूबाट कथा प्रवचन, वनकाली चौर (सुमार्गी भवन अगाडि) १०८ श्रीमद्भागवत् पाठ पारायणका साथै चार वेद १८ पुराणका पाठ पारायण र राष्ट्रिय तथा अन्तराष्ट्रिय कलाकारहरूबाट भजन कीर्तन र सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो ।

कैलाशमा सञ्चालित कोटिहोमको प्रारम्भ असार २८ गते विहान ९:३५ बजे (पञ्चाङ्ग निर्णायक विकास समितिले उपलब्ध गराएको साइत)बाट प्रारम्भ गरिएको थियो भने हंसमण्डव लगायतका स्थानको प्रवचन र पाठपारायणका कार्यक्रम साउन १ गतेबाट प्रारम्भ प्रारम्भ गरिएको थियो । कोटिहोमको मूल आचार्यको जिम्मेवारी आचार्य कृष्णप्रसाद अर्यालले गर्नुभएको थियो । हवन र पाठपारायणमा गरी १५५ ब्राह्मणहरू बरण गरिएका थिए ।कोटिहोम सहित समस्त अनुष्ठानको समापन भने कालिदास बाबाले गर्नुभएको थियो । महायज्ञ अवधिमा देश विदेशबाट दैनिक लाखौं भक्तजनहरूको सहभागिता भएको थियो । महायज्ञलाई व्यवस्थित गर्न सयौंको संख्यामा सूरक्षाकर्मी तथा स्वयंसेवकहरू परिचालन गरिएको थियो ।❖

म क-कसलाई पुकारौँ नाथ !

-भागवतश्री न्यौपाने

परमार्थको मार्गमा भगवान्लाई आर्तभावले करूणामय रूपमा सम्भनुको छुट्टै महत्त्व हुन्छ । जब हामी असहाय अवस्थामा दुःख परेर भगवान्लाई पुकार्दछौँ, त्यती बेला करूणासागर श्रीदयानिधिले कुनै न कुनै रूपमा हाम्रो प्रार्थना सुन्नुहुनेछ । हामी जति आकुलताले उहाँको स्मरण गर्दछौं, उहाँले उति नै व्याकुलताले हामीलाई सहायता प्रदान गर्नुहुनेछ । किनकी भगवान् सर्वान्तर्यामी हुनुहुन्छ । सर्वसमर्थ हुनुहुन्छ र सबै प्राणीको हृदयमा हुनुहुन्छ । यस्ता कणकणबासी प्रभु हाम्रो पुकार सुनेर के त्यसै बसिरहनुहोला त ! उहाँ त सारा जीवमाथी दयाको भाव राख्नुहुन्छ । सारा मनुष्य उहाँकै अंशियार भएको कारणले गर्दा हरेक मनुष्यको आपद विपद्मा उहाँले कुनै न कुनै रूपमा सहायता गर्नु नै हुनेछ ।

चतुर्विधा भजन्ते मां जना सुकृतिनोर्जुन
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ! ७-१६

भगवान् गीतामा उहाँलाई स्मरण गरेर नजिक आउने चार प्रकारका भक्तहरूको स्मरण गर्नुहुन्छ । भौतिक लाभको आशा गर्ने अर्थार्थी, विपत्तिमा परेका आर्त, ब्रह्मज्ञानको खोजीमा लागेका जिज्ञासु र कुनै पनि वस्तुलाई सहीरूपमा चिन्नेहरू ज्ञानी । यी पुण्यात्माहरूले जुनसुकै परिस्थितिमा मेरो स्मरण गरेभने म जुनकुनै स्वरूपमा उपस्थित भएर उनीहरूको विपत्तिको सामना गर्दछु ।

भगवान्लाइ आर्तभावले पुकार्दा स्वयं प्रकट भई आफ्नो भक्तको विपत्ति हरण गर्नुभएको उत्कृष्ट दृष्टान्त महाभारतको द्रौपदी चीरहरणको प्रसंग हो । जुवामा सबैकुरा हारेपछी पाण्डवहरूले द्रौपदीलाई नै बाजीमा थाप्छन् । उनलाई पनि हारेपछि दुर्योधनको आदेश पाएर दुशासनले एकवस्त्रा द्रौपदीलाई बलपूर्वक जवर्जस्ती तानेर सभामा ल्याई निर्वस्त्र गर्न लाग्दछ । त्यसबेला द्रौपदीले त्यस सभामा उपस्थित सबैजनाबाट सहयोगको याचना गरेपनी कसैबाट पाइनन् । यस्तो बेला उनले आफूलाई एकदमै असहाय सम्भेर परमप्रिय श्रीकृष्णलाई 'हरी हरी अभयम् कृष्णा, अभयम्' भनेर पुकारिन् । उनले मनमनै 'हे गोविन्द ! हे गोपीजनप्रिय ! हे केशव ! के हजुरलाई कौरवहरूले मेरो तिरस्कार गर्दैछन् भन्ने थाहा थिएन ? हजुरले मेरो यो अपमान देख्नुभएको छैन ? हे नाथ ! हे व्रजनाथ ! हे जनार्दन ! कौरवको पापको समुद्रमा डुब्दैगरेकी द्रौपदीलाई बचाउनुहोस् । हे कृष्ण ! हे महायोगी ! हे विश्वात्मा ! कौरवको जन्जालमा परेकी यस दुःखी आत्मालाई बचाउनुहोस् । (महाभारत, सभापर्व- ६७-४१)

यसरी द्रौपदीले आफ्नो हृदयबाट आर्तभावमा पुकार गरेको सुनेर जगदीश्वर भगवान्को हृदय पग्लियो र उहाँले वस्त्रावतार धरान गरेर द्रौपदीको रक्षा गर्नुभयो ।

यसैगरी भगवान्को भक्तिमा तन्मय भएर गरेको स्मरणले कष्ट निवारण भएको प्रसंग परीक्षितकी माता उत्तरासँग पनि सान्दर्भिक हुन जान्छ । द्रोणाचार्यका छोरा अश्वत्थामाले पाण्डवहरूको समूल अन्त्य गर्छु भनेर सोचेका थिए । तर उनले सुतिरहेको अवस्थामा द्रौपदीका पाँचजना

छोराहरूलाई मारिदिए । तर अझै उत्तराको गर्भमा एकजना बालक जीवितै थिए । उनलाई पनि मार्न भनेर अश्वत्थामाले व्रह्माश्त्र प्रहार गरे । जब उत्तराले आफूतिर आउँदै गरेको व्रह्माश्त्र देखिन्, उनले तत्काल आर्तभावले भगवान्को स्मरण गर्न लागिन् । हे देवाधिदेव ! हे जगदीश्वर ! मेरो रक्षा गर्नुहोस् । यतिबेला मलाई यो व्रह्माश्त्रबाट रक्षा गर्ने हजुरबाहेक कोही छैन । मलाई अभय प्रदान गर्नुहोस् । किनकी यहाँ सबैजना एक अर्काका मृत्युको कारण बनिरहेका छन् । हे प्रभो ! हे सर्वशक्तिमान ! यो हुर्हुरी बल्दैगरेको फलामको तीर मतिर आइरहेको छ । यसले मलाई मात्र जलाउने होइन, मेरो पेटमा भएको गर्भलाई समेत नष्ट गरिदिनेछ । यो बिनाशबाट मलाई बचाउनुस् प्रभू !'

उत्तराको यसप्रकारको कारूणिक पुकार सुन्नासाथ भगवान्ले सुदर्शन चक्र धारण गर्नुभयो र सूक्ष्मरूपमा गर्भस्थ शिशुको चारैतर्फ घुम्न लाग्नुभयो । भगवान् स्वयं रक्षक बनेपछि व्रह्माश्त्रले गर्भस्थ शिशुको केही हानि गर्न सकेन र शान्त भयो । यसरी करूण भावले पुकार्दा भगवान्ले शरणागतको रक्षा गर्नुभएको अन्य कैयौँ उदाहरणहरू छन् ।

भगवान र भक्तबीचको यो भावनात्मक सम्बन्ध र सहकार्यमा मुख्यत तीनवटा भाव-सम्बन्धहरू रहेका छन् ।

पहिलोः हे नाथ ! म हजुरकै हुँ !

सर्वप्रथम हामीले हामी भगवान्कै हौँ भन्ने भावना स्थायी भावमा राख्नुपर्दछ । हरेक प्राणीमा ईश्वरकै अंश हुने भएकाले हामी ईश्वरकै हौं । भगवान् गीतामा भन्नुहुन्छ, ममैवांशो जीवलोके जीवभूत सनातनः (१५-७) । अर्थात् यो देहधारी हरेक जीवात्मा मेरो नै सनातन अंश हो । जीवहरू शाश्वतरूपमा परमेश्वरका सूक्ष्म अंश हुन् । भगवान्को पृथक अंश सनातन हो । प्रत्येक जीवमा भगवान्को सूक्ष्म अंश विद्यमान छ । हामीले आफूलाई सांसारिक मानेपनि भगवान्सँग हाम्रो आत्मीयता छैन भन्ने हुँदैन । वस्तुत हामी भगवानकै हौँ । हामी भगवान्बाट छुट्टिएर रहन सक्दैनौँ । सब मम प्रिय सब मम उपजाय (रामचरितमानस ७-७६-४) अर्थात सारा जीव मलाई प्रिय छन् । किनकी सबै मबाट नै उत्पन्न भएका हुन् ।

जबसम्म हामी कसैको भएर रहदैनौँ तबसम्म हामीलाई उसको अपनत्व प्राप्त हुँदैन । जसरी आफ्नो पिताको सम्पत्तिको अधिकारी पुत्र नै हुन्छ, त्यसरी नै जब हामीले भगवान्लाई सर्वश्व मान्छौँ तबमात्र उहाँको पूर्णरूपमा कृपादृष्टि पाउन सक्छौँ । उहाँ नै हाम्रो मातापिता, बन्धु सखा, विद्या, द्रब्य र सर्वश्व हुनुहुन्छ । यही नै यथार्थ हो ।

साधक र भक्तमा सधैं नै 'म सर्वप्रथम परमात्माको हुँ' भन्ने भावना हुनुपर्दछ । माता पिता हुनुभन्दा पहिला पनि हामी भगवान्कै हौँ । भौतिक जन्म लिएपछी मात्र संसारको भएका हौँ तर भगवान्को त हामी स्वतः हौँ ।

दोश्रोः हे नाथ ! म हजुरको शरणमा छु ।

अर्जुन भगवान् कृष्णको साथी थिए र कृष्णलाई आफ्नो मान्थे । भगवान्ले पाण्डवहरूलाई अनेक अफ्ठ्यारा परिस्थितिहरूमा सहयोग गर्नुभयो । तर जति गरे पनि महाभारतको युद्ध हुने समयमा अर्जुनलाई आफ्ना आफन्तहरूको मायाले छोप्यो र युद्ध नगर्ने मनसायमा पुगे । अन्त्यमा जब उनले भगवान्को शिष्यता स्वागत गरे तबमात्र उनमा परम ज्ञानको प्रादुर्भाव भयो ।

कार्वण्यदोषेहतस्वभावः
पृच्छामी त्वां धर्म सम्मूढचेताः
मच्छेण्स्यान्ति रितं बूद्धि तन्मे
शिष्यते दुहशाधि मां तवं प्रपन्नम् । (गीता २/७)

यसैले कायरताको दोषले ढाकिएको स्वभाव भएको तथा धर्मको विषयमा मोहित चित्त भएको म अब हजुरलाई मेरो निम्ति कल्याणकार साधनको बारेमा बताइदिनु हुन अनुरोध गर्दछु । किनकी म हजुरको शिष्य हुँ । त्यसैले हजुरको शरण परेको मलाई चाहिने शिक्षा दिनुहवस् ।

कैयौँपटक हामी गुरू एवम् आचार्यहरूलाई आफ्नो सम्झन्छौं तर उहाँहरूको वचनको आदर भने गर्दैनौं । न

त उहाँहरूले प्रतिपादन गर्नुभएको सिद्धान्त अनुसारकै आचरण गर्दछौं । आफूलाई चाहिने पूर्णलाभ पाउनका लागि कसैको हुनुमात्र पर्याप्त हुँदैन । उहाँलाई आफूले इष्ट मानेर उहाँमा पूज्य भाव श्रद्धा अर्पण गरेर उहाँमै पूर्ण आश्रित हुनु आवश्यक छ । भगवान्भन्दा ठूलो, सच्चा, पक्का र स्थायी आश्रय अरू को हुन सक्ला ! जसरी अनेक फलको रस मौरीको माध्यमबाट चाकामा पुगेर महमा रूपान्तरित हुन्छ त्यसैगरी भगवान्को रसमा समाहित भएपछि स्वयं भगवान्को अंशियार भइन्छ ।

चिन्ता दीनदयकालको भो मन सदा आनन्द
जायो सो प्रतिपालसी रामदास गो दिन्छ ।

शरणागतिमा यस्तै दृढ भाव राख्दै परमात्माप्रति पूर्ण समर्पित भएमात्र हामी भगवान्को शरणमा छौं भनेर निश्चिन्त हुन सक्छौं ।

तेस्रोः हे नाथ ! म हजुरलाई कहिल्यै नभूलौं ।

हामी भगवान्को भयौं । हामीले भगवान्को शरण लियौं र पनि हामीले गर्नुपर्ने अर्को काम बाँकी नै रहन्छ । त्यो भनेको हामीले सधैंभरि उहाँकै स्मरण गरिरहौं, उहाँलाई कहिल्यै नभुलौं । जब जीव भगवान्को सम्मुख हुन्छ उसका सम्पूर्ण दोषहरू मेटिन थाल्छन् । यसैगरी जब हामी भगवान्को बिमुख हुन्छौं अनेक दोषहरूले घेरिदै जान्छौं ।

भगवान्सँगको अपनत्व, शरणागति एवम् उहाँको निरन्तर स्मरणको प्रभाव हरेक व्यक्तिमा स्वतः देखिन थाल्छ । यस्तो व्यक्ति भगवान्को कृपापात्र बन्दछ र उसमाथि भगवान्को विशेष भाव रहिरहेको हुन्छ । त्यो भावले भावित भएर व्यक्ति परम आनन्दमा रहन्छ । गीतामा भगवान् भन्नुहुन्छ– जो भक्त ममा अनन्यचित्त भएर निरन्तर मेरो स्मरण गर्दछ, उसका लागि म सुलभ छु अर्थात् म उसलाई सजिलै प्राप्त हुनेछु ।

त्यसैले हामीले कुनै पनि समयमा भगवान्लाई बिर्सन हुँदैन । आफ्ना समस्त कर्महरू उहाँप्रति समर्पण गर्दै उहाँकै शरणमा रहनुपर्छ । साथै आफ्ना सम्पूर्ण दुःख एवम् दोषको निवारण गर्नका लागि उहासँग प्रार्थना गरौं । हे नाथ ! म कसलाई सम्झु, कसकसलाई पुकारौं । मेरो भन्नु नै हजुर हो । हजुर बाहेक मेरो अरू कोही छैन । त्वमेव सर्वं मम देव देव !❖

-सेतोपुल, काठमाडौं

आवरण परिचय



पूर्णब्रह्म परमात्मा अक्षरातीत श्रीकृष्ण अर्थात् श्रीराजस्यामाजीको सेवापूजा आराधना गरिने नेपालको केन्द्रीय धाम श्रीनवतमधाम हो । यस धाममा श्रीमद्भागवत गीता, वेद, उपनिषद् आदि धार्मिक ग्रन्थको निचोड स्वामी श्रीप्राणनाथजीद्वारा अवतरित श्रीमतारतमसागरलाई पूर्णब्रह्म परमात्मा अक्षरातीत श्रीकृष्ण अर्थात् श्रीराजश्यामाजीको वाङ्मय स्वरूपको रूपमा वस्त्र, आभूषण, मुकुट, वंशी आदिले अलंकृत गरी अष्टप्रहर सेवापूजा गरिन्छ ।

विक्रम सम्वत २०६६ चैत्र १६ गते सोमबारका दिन जगदगुरू आचार्य श्री १०८ कृष्णमणिजी महाराजश्रीको सान्निध्यमा नेपालका प्रथम राष्ट्रपति सम्माननीय डा. रामबरण यादवज्यूबाट श्रीतारतमसागरको १२०० साप्ताहिक पारायण ज्ञानयज्ञका साथ आयोजित श्रीकृष्ण प्रणामी धर्म महोत्सवको पावन अवसरमा यस नवतनधामको समुद्घाटन भएको हो ।

नेपालमा परापूर्वकाल देखिनै श्रीकृष्ण प्रणामी धर्मको परिपालना हुँदै आएको र देशका विभिन्न स्थानमा २५४ भन्दा बढि संख्यामा स्थानीय मन्दिर आश्रम तथा सत्संग भवनहरूको स्थापना एवम् सञ्चालन भइआएकोमा धार्मिक स्थलहरूको नगरी राजधानी काठमाडौमा पर्यटकीय महत्व समेत रहने केन्द्रीय धामको रूपमा श्री नवतनधामको स्थापना भएको हो । श्रीकृष्ण प्रणामी धर्म निजानन्द सम्प्रदायको आद्यपीठ श्री ५ नवतमपुरी धाम जामनगरका वर्तमान आचार्य जगद्गुरू आचार्य श्री १०८ कृष्णमणिजी महाराजश्रीको प्रेरणाद्वारा श्रीकृष्ण प्रणामी सेवा समिति नेपालले भक्तजन सुन्दरसाथज्यूहरूको सहयोगबाट यसको निर्माण गरेको हो ।❖

हरिशयनी एकादशी (चतुर्मास व्रतको महत्व)

–पं. बालमुकुन्द देवकोटा

आषाढशुक्ल एकादशी 'देवशयनी' वा हरिशयनी एकादशी भन्ने गरिन्छ । यसलाई 'पद्मनाभा' एकादशी पनि भन्ने चलन छ । पुराणमा के पनि उल्लेख गरिएको भेटिन्छ भने यो दिन तुलसी रोपेर लक्ष्मीनारायण भगवान्को कमलको फूलद्वारा जसले पूजा–अर्चना गर्दछ । त्यसले तीनलोक र तीनै देवतालाई पूजा गरेको फल प्राप्त गर्दछ ।

यस दिनबाट भगवान् नारायणको एक स्वरूप आषाढशुक्ल हरिशयनि एकादशीदेखि कार्तिकशुल्क हरिबोधनी एकादशीसम्म बलि राजाको दरवारमा र अर्को स्वरूप क्षिरसागरमा शेषनागको शैयामा शयन गर्नुहुने भएकोले यो चार महिनामा जसले व्रत, दान–धर्म गर्दछ भने उसलाई प्ररमगति प्राप्त हुनेछ ।

एकादशीको राति जागरण भै भगवान्को नाम संकीर्तन गर्दै लक्ष्मीनारायण भगवान्को भक्तिपूर्वक पूजा गर्नाले प्राप्त हुने फल ब्रह्माले समेत बताउन सक्नुहुन्न । यस लोकमा भोग र परलोकमा मोक्ष मिल्नेछ । जसले यो चार महिना अखण्ड दियो बालेर र पलाशको पातमा भोजन गरेर व्यतीत गर्दछ भने त्यो विष्णुको प्यारो हुनेछ ।

यो चार महिना भगवान् विष्णु सुतिरहनु हुने भएकोले हामी मनुष्यले पनि यो बेला भुइँमा शयन गर्नुपर्दछ । मनुष्यहरूले यो चार महिना भगवान्लाई के चढ्दछ त्यो भन्दा बढी खानु हुँदैन । विशेष "श्रावणे वर्जयेच्छाकं दधि भाद्रपदे तथा । दुग्धमाश्वयुजि त्याज्यं कार्तिके द्विदलं त्यजेत् ।' अर्थात् साउनमा साग, भदौमा दही, असोजमा दुध र कार्तिकमा दालहरू जसले त्यागेर, जसले यो चार महिनाको व्रत ब्रह्मचर्यमा रहेर गर्दछ भने त्यसले परमगति प्राप्त गर्दछ र एकादशीको व्रतको प्रभावले त्यो मानिस सम्पूर्ण पापहरूबाट मुक्त हुनेछ । त्यसैले गृहस्थीहरूले यो व्रत कहिल्यै भुल्नु हुँदैन ।

यस एकादशीलाई 'हरिशयनी एकादशी' तथा कार्तिक शुक्ल एकादशीलाई 'प्रबोधिनी एकादशी' भन्ने गरिन्छ । यी चार महिनामा भगवान् विष्णु क्षीरसागरमा शयन गर्नु हुने भएकाले विवाह आदि कुनै पनि शुभ कार्य गरिदैन । धार्मिक दृष्टिले यी चार महिना भगवान् विष्णुको निद्रा काल मानिन्छ । यस अवधिमा तपस्वीहरू भ्रमण गर्दैनन्, ती एकै स्थानमा बसेर तपस्या (चातुर्मास व्रत) गर्दछन् । यस कालमा केवल ब्रजक्षेत्रको यात्रा गर्ने चलन छ, किनभने यी चार महिनामा भू–मण्डल (पृथ्वी) का समस्त तीर्थहरू ब्रजक्षेत्रमा आएर निवास गर्दछन ।

ब्रह्मवैवर्त पुराणमा यस एकादशीको विशेष माहात्म्य उल्लेख गरिएको छ । यस व्रतलाई पालना गर्नाले प्राणीका समस्त मनोकामनाहरू पूर्ण हुन्छन्, सबै पाप नष्ट हुन्छन् तथा भगवान् हृषीकेश प्रसन्न हुनुहुन्छ । सबै एकादशीका दिन भगवान् विष्णुको पूजा–आराधना गरिन्छ, परन्तु यो रात्रिदेखि भगवान्को शयन प्रारम्भ हुने भएकाले उनको विशेष विधि–विधानले पूजा गर्ने चलन छ । यस दिन उपवास गरेर भगवान् विष्णुको प्रतिमालाई आसनमा राखी षोडशोपचार सहित पूजन गरी, तिनको हातलाई शङ्ख, चक्र, गदा, पद्मले सुशोभित पारेर तिनलाई पीताम्बर, पहेला वस्त्र र पहिराएर दोसल्लाले सजाउने काम हुन्छ । पञ्चामृतद्वारा स्नान गराएर, तत्पश्चात भगवान्को धूप, दीप, पुष्प आदिद्वारा पूजा गरी आरती गरिन्छ । भगवान्लाई पान (ताम्बूल), सुपारी (पुंगीफल) अर्पित गरेपछि निम्न मन्त्रद्वारा स्तुति गरिन्छ–

सुप्ते त्वयि जगन्नाथ जमत्सुप्तं भवेदिदम् ।
विबुद्धे त्वयि बुद्धं च जगत्सर्व चराचरम् ॥

अर्थात हे जगन्नाथ ! तपाई निद्रित भएपछि सम्पूर्ण विश्व निद्रित हुन पुग्छ र तपाई जागाहुँदा सम्पूर्ण विश्व तथा चराचर पनि जागृत हुन जान्छ । यसरी प्रार्थना गरेर भगवान् विष्णुको पूजा गर्नु पर्छ । तत्पश्चात ब्राह्मणलाई भोजन गराएर स्वयं आफूले फलाहार गर्नुपर्छ । रात्रिकालमा भगवान्को मन्दिरमा नै शयन गर्नु पर्छ तथा भगवान्को

भजन र स्तुति गर्नु पर्छ । आफू स्वयं सुत्नु पहिले नै भगवान्लाई पनि शयन गराउनु पर्छ ।

यी चार महिनाका लागि आफ्नो रूचि अथवा अभीष्ट-अनुसार नित्य व्यवहारका पदार्थहरू त्याग र ग्रहण गर्ने चलन छ । मधुर स्वरका लागि गुड, दीर्घायु अथवा पुत्र-पौत्रादिको प्राप्तिका लागि तेल, शत्रुनाशादिका निम्ति कड्वा तेल, सौभाग्यका लागि मीठो तेलको र स्वर्ग प्राप्तिका निम्ति पुष्पादि भोग आदि त्याग्नु पर्छ । देह शुद्धि वा सुन्दरताका निम्ति परिमित प्रमाणको पञ्चगव्य, वंश वृद्धिका लागि नियमित दुध, कुरूक्षेत्रादिका समान फल प्राप्तिका लागि पात्रमा भोजन तथा सर्वपापक्षयपूर्वक सकल पुण्य फल प्राप्त गर्नका लागि एकभूक्त, नक्तव्रत, सर्वथा उपवास गरी व्रत ग्रहण गर्ने चलन छ । साथै चातुर्मासीय व्रतमा केही वर्जना पनि छन् । जस्तै- पलंगमा सुत्नु, यौन संसर्ग गर्नु, झूठो बोल्नु, मासु, मह तथा दही-भात आदिको भोजनादि । मूला, परवल एवम् बैगुन आदि तरकारी खान पनि निषेध गरिएको छ । जो श्रद्धालुले यस एकादशीलाई पूर्ण विधि-विधानपूर्वक भगवान्को पूजन गर्दै व्रत गर्दछन, ती व्यक्ति मोक्ष प्राप्त गर्न सक्षम हुन्छन् ।

एकपटक देवर्षि नारदले ब्रह्मासित यस हरिशयनी एकादशीको माहात्म्यको बारेमा सोध्नुभयो, त्यसको उत्तरमा ब्रह्माजीले भन्नुभयो- 'सत्ययुगमा मान्धाता नामक एक चक्रवर्ती सम्राट राज्य गर्दथे । उनको राज्यमा प्रजा असाध्यै सुख र आनन्दपूर्वक बसेका थिए । एकपटक तिनको राज्यमा लगातार तीन वर्षसम्म वर्षा नहुनाले भयंकर अनिकाल पऱ्यो । प्रजा व्याकुल भए । यस दुर्भिक्षले चारैतिर त्राहि-त्राहि मच्चियो । धर्म पक्षका यज्ञ, हवन पिण्डदान, कथा, व्रत आदि सबै कुरामा कमी आयो । प्रजाले राजाको दरबारमा गएर आफ्नो वेदना सुनाए ।

राजाले भने- 'तपाईहरूको कष्ट धेरै ठूलो छ । म प्रजाको भलाइका निम्ति पूरा प्रयत्न गर्नेछु ।' राजा यस परिस्थितिबाट पहिलादेखि नै दुःखी थिए । ती ध्यानमग्न भएर सोच्न थाले आखिरी मैले यस्तो कुन पाप-कर्म गरेछु, जसको फल मलाई यस रूपमा प्राप्त हुँदैछ ?' अनि प्रजाको वेदना तथा कष्टलाई सहन नसकेकाले, यस कष्टबाट मुक्ति पाउने कुनै साधन गर्ने उद्देश्यले राजा सेना लिएर जंगलतर्फ गए ।

जंगलमा विचरण गर्दागर्दै एक दिन ती ब्रह्माका तेजस्वि पुत्र अङ्गिरा ऋषिको आश्रममा पुगे । तिनलाई साष्टाङ्ग प्रणाम गरे । मुनिले तिनलाई आशीर्वाद दिएर कुशलक्षेम सोधे । अनि त्यसपछि जंगलमा भौतारिनु पर्ने र आफ्नो आश्रममा आउनु पर्ने अभिप्राय जान्ने इच्छा गरे ।

राजाले हात जोडेर भने- 'महात्मन ! सबै प्रकारले धर्मको पालन गर्दागर्दै पनि म आफ्नो राज्यमा दुर्भिक्षको दृश्य हेर्न विवश छु । म यसको कारण जान्दिन । आखिरी किन यस्तो हुँदैछ, कृपया हजुरले यस विघ्नको समाधान गरेर मेरो संशय नाश गर्नुहोस ।' राजाका कुरा सुनेर अङ्गिरा ऋषिले भने- 'हे राजन ! यो सत्ययुग सबै युगहरूमा श्रेष्ठ र उत्तम मानिन्छ । यसमा सानो पापको पनि धेरै ठूलो फल प्राप्त हुन्छ । यस युगमा मनुष्यहरू ब्रह्मको उपासना गर्दछन । यस युगमा धर्म आफ्ना चारै किसिमका चरणमा व्याप्त भई निवास गर्दछ । यसमा ब्राह्मणबाहेक अन्य कुनै जातिले तप गर्दैन थिए तर तपाईको राज्यमा एउटा शूद्र तपस्या गर्दैछ । यसै कारणले तपाईको राज्यमा वर्षा नभएको हो । जबसम्म त्यस शूद्रको जीवन लीला समाप्त हुँदैन, तबसम्म यो दुर्भिक्ष शान्त हुनेछैन । त्यस शूद्र तपस्वीलाई बध गर्नाले मात्र पापको शान्ति हुने देखिन्छ ।'

राजाको हृदय एकजना निरपराधलाई मार्न तयार भएन । राजाले त्यस निरपराध तपस्वीलाई मार्नु उचित नहुने ठानेर ऋषिसित अन्य उपाय बताउन अनुरोध गरे । राजाले बिन्ति गरे- 'हे देव ! त्यस निरपराधलाई हत्या गर्न मेरो मन स्वीकार गर्दैन । त्यसैले कृपा गरेर तपाईले कुनै अरू उपाय बताउनुहोस ।'

राजाको बिन्ति सुनी ऋषिले भने- 'आषाढ महिनाको शुक्ल पक्षको एकादशी (पद्मा एकादशी वा हरिशयनी एकादशी)को विधिपूर्वक व्रत गर, यस व्रतको प्रभावले अवश्य नै वर्षा हुनेछ ।' ऋषिका कुरा सुनेर राजा मान्धाता जङ्गलबाट फिर्ता आए र उनले चारै वर्णसहित पद्मा एकादशीको विधिपूर्वक व्रत गरे । व्रतको प्रभावले उनको राज्यमा मूसलधार वर्षा भयो र पूरा राज्य धन-धान्यले परिपूर्ण भयो । जसले यो व्रत गर्नेछ, त्यसले भगवान्को लोक प्राप्त गर्दछ ।❖

-मुलपानी, काठमाडौं

सती अनसूया



मोहनप्रसाद आचार्य

हाम्रा पौराणिक ग्रन्थहरू खास गरी वाल्मीकीय रामायण, अध्यात्म-रामायण मार्कण्डेयपुराण आदि ग्रन्थहरूमा नारीहरूको वारेमा वर्णन गरिएको पाइन्छ । सीता, मैत्रायणी, गार्गी, सती सावित्रीको साथै अनसूया जस्ता नारीहरूको स्थान पनि निकै उच्च रहेको देखिन्छ । यस्ता नारीहरूमध्ये सती अनसूयाको स्थान सवैभन्दा श्रेष्ठ अर्थात् महत्त्वपूर्ण रहेको देख्न पाइन्छ ।

महर्षि कर्दम तथा स्वायम्भुव मनुकी पुत्री देवहुतिको गर्भबाट देवी अनसूयाको जन्म भएको मानिन्छ । वाल्यावस्थादेखिनै अनसूयामा विनय भावना, क्षमासिल स्वभाव, सदाचारमा रहने, सत्य बोल्ने, सदैव आफ्नो, मर्यादा र धर्माचरणमा रहने आदि गुणहरू भएको देखिन्छ । दिनानुदिन बढ्दै गएकी अनसूया जव युवा अवस्थामा प्रवेश गरिन्, तिनका पिता कर्दम महर्षिले लोक पितामह ब्रह्माजीका मानस पुत्र अत्रि ऋषिको साथ विवाह गरिदिनुभयो । आफ्ना पति प्रतिको अनुराण, सेवा तथा स्नेहले गर्दा नै अनसूयाले आफ्नो पतिको हृदयलाई समेत जितेकी थिइन् । अनसूया आफ्नो पातिव्रत्य धर्ममा सदैव रत रही आफ्नो दिनचर्या बिताउने गर्दथिन् ।

सती अनसूयाको पातिव्रत्य धर्म र उनको आचरणले गर्दा तीनै लोकमा उनको नामको साथै गुणको चर्चा हुन थाल्यो । सबै लोकमा केवल अनसूया अनसूया भनि प्रशंसा हुन लाग्यो । स्त्री हुनु त अनसूया जस्तो हुनु भनेर पृथ्वीतलमा पनि चर्चा हुन लाग्यो । यो कुराको खवर ब्रह्मलोकमा रहेकी ब्रह्माकी पत्नी ब्रह्मायणी, कैलास पर्वतमा सति (पार्वती) को साथै वैकुण्ठमा रहेकी लक्ष्मीको कानसम्म पुग्यो । यी तीनै देवीहरूलाई आ-आफ्नो पातिव्रत्यको घमण्ड थियो । वेला वेलामा आ-आफ्ना पतिसमक्ष आफूनै श्रेष्ठ सती भएको कुरा व्यक्त गर्दै अरू कुनै पनि स्त्री आफ्नो समकक्षी हुन नसक्ने धारणा व्यक्त गर्न लागे । फलस्वरूप भगवान् विष्णु, ब्रह्मा तथा महेश्वरबाट उनीहरूमा उदाएको अहंकारलाई नष्ट बनाउन देवर्षि नारदलाई प्रेरणा दिनु भयो ।

भगवान्हरूको लीला रहस्यलाई बुझ्नु भएका देवर्षि नारद पनि एक एक गरेर ब्रह्मायणी, पार्वती तथा लक्ष्मी कहाँ पुग्नु भयो । सबै देवीलाई नमस्कार गर्दै देवर्षि नारदले भन्नुभयो- मातेश्वरी, हे देवी हो ! अहिले म विश्वको भ्रमण गर्दै यहाँ आएको हुँ । यो भ्रमणको सन्दर्भमा केहि समय अगाडि महामुनि अत्रिको आश्रम पनि गएँ । त्यहाँ अत्रि पत्नी अनसूयाको दर्शन गरे । उनको दर्शनमात्रले पनि म कृतार्थ हुन पुगे । जसले आफ्नो कृपानुभूतिद्वारा पृथ्वीमा गङ्गाको धारा समेत प्रकट गराउन सफल भइन् । यो सबै देवी अनसूयाले आफ्नो पातिव्रत्य धर्मको प्रभावबाट नै सकेकी हुन् ।

विश्वमा यस्ती पतिव्रता नारी त आजसम्म मैले देखेको छैन । नारदको यस्तो वचन सुनेका तिनै देवीहरूवाट देवर्षि नारदलाई यस्तो चर्चा हामीले पनि सुनेकै हौं । तर के अनसूया हामीभन्दा पनि माथिल्लो श्रेणीमा गणना हुन्छिन् ? भनी सोधे । देवर्षि नारदले माता अनसूयाको पातिव्रत्य धर्मको तुलनामा यहाँ देवीहरू धेरै नै तल्लो श्रोणीको गणनामा पर्नु हुन्छ भनी आफ्नो बाटो लागे ।

यसै वेलादेखि तिनै देवीहरूको मनमा अनसूयाप्रति इर्ष्या, डाह उत्पन्न हुन गयो । सबै देवीहरूले आ-आफ्नो स्वामीको अगाडि अनसूयाको सतित्व भङ्ग गराउन वारम्वार दवाव दिन थाले । अनसूयाको सतित्व नष्ट गराउन ब्रह्मा, विष्णु तथा महेश्वरलाई पनि त्यति सजिलो थिएन । आफ्नो सम्पूर्ण शक्तिद्वारा पनि नसकिने थियो । यो कुरालाई राम्ररी मनन गरेका त्रिदेवहरूले आफ्ना पत्निहरूलाई प्रयत्न गर्नेछौं

भन्ने आस्वासन मात्र दिएर तीनैजना अत्रि तथा अनसूयाको आश्रमतर्फ लागे ।

आश्रम नगिचै पुगेपछि ब्रह्मा, विष्णु र महेश्वरले आफ्नो स्वरूपलाई त्याग गरे । तिनै जनाले ब्राह्मण साधुको भेष धारण गरे । आश्रममा पुगेका तीनै जना साधु भेष धारी ब्राह्मणरूले माता हामीलाई भिक्षा दिनु होस् भनी भिक्षाको याचना गरे । ब्राह्मण भेष धारी साधुहरूको अतिथिको रूपमा सत्कार गर्ने विचारले आफ्नो अन्न पात्रमा अन्न, फलफूल लिएर भिक्षा दिन अनसूया उपस्थित भइन् । यसवेला ऋषि अत्रि भने आश्रमा थिएनन् । अनसूयाबाट सत्कारपूर्वक ल्याइएको भिक्षा तीनै जनाले एकै स्वरमा अस्विकार गरे ।

ब्राह्मण भेष धारण गरेका साधुहरूले एकैस्वरमा भन्न लागे- माता हामी अहिले यो भिक्षा लिँदैनौ । तपाई निर्वस्त्र भएर भिक्षा दिनु हुन्छ भने मात्र हामी भिक्षा ग्रहण गर्दछौं । होइन भने हामी भिक्षा विना नै आफ्नो बाटो लाग्दछौं ।

अनसूया आफ्नो धर्ममा अटल थिइन् । आफ्नो पातिव्रत्यलाई नष्ट गरी कसरी भिक्षा दिने ? केहि समय सोच विचार पनि गरिन् । आफ्नो पतिको संझना गर्दै ध्यान दृष्टि पनि गरिन् । ध्यानदृष्टिबाट भिक्षा माग्न आउने व्यक्तिको वास्तविक स्वरूप बुझिन, जानिन् । मनमनै भन्न लागिन्- 'यदि आफू सच्चा पतिव्रता भई भूलले पनि परपुरूषको चिन्तन गरेको छैन भने यी तीनै जना ६ महिना उमेरका साना दुधे वालक बनून ।' उनको यो चिताइका साथै ब्रह्मा, विष्णु, महेश्वर छ महिने दुधे बालक बन्नगए । त्यसपछि निर्बस्त्र नै पालै पालो काखमा लिएर आफ्नो स्तनपान पनि गराइन् । वालकस्वरूपमा पुगेका त्रिदेव रूदै बालक्रिडा गर्न लागे । सबैलाई खेलाउँदै, ख्याउँदै शान्त पार्न पनि सफल भइन् । यसैवेला अन्यत्र गएका आफ्नो स्वामी अत्रिको पनि आगमन भएको पाइन् ।

आफ्नी पत्नीको काखमा ३ जना वालकहरूलाई देखेका अत्रि पनि महान विस्मयमा पर्न पुगे । उनी अनसूयालाई सोध्दछन्- यी बालकहरू कसका पुत्र हुन् र को को हुन् ? अनसूया भन्छिन्- यी तीनै बालक हाम्रा छोराहरू हुन् स्वामी ! भगवान्को अनुग्रह कृपाप्रसादबाट पाएकी हुँ । आफ्नी पत्नीको कुराबाट अत्रि मुनि पनि खुशी हुनु भयो । यस प्रकार धेरै समयसम्म ब्रह्मा, विष्णु तथा महेश्वर अत्रि मुनिको आश्रमा बालककै अवस्थामा रहे ।

लामो समयसम्म आफ्ना पतिहरू नफर्केको कारण तीनै देवी (ब्रह्मायणी, पार्वती र लक्ष्मी) खोजीको निमित्त बाहिर निस्के । यत्र तत्र सर्वत्र खोजी गरे । आफ्ना पतिको खोजमा भौतारिदै भौतारिदै मन्दाकिनीको तटसम्म आए । उनीहरूको देवर्षि नारदसँग भेट भयो । देवर्षि नारदबाट सबै कुरा बुझेपछि, जानेपछि उनीहरू अत्रि तथा अनसूयाको आश्रममा आए । सति अनसूयालाई दण्डवत प्रणाम गरे । अनसूयाले पनि तिनै देवीको सत्कार स्वागत गरिन् ।

सबै कुरा अवगत भैसकेकोले आ-आफ्नो पतिलाई पाउन याचना गरे । उनीहरूको प्रार्थनालाई स्वीकार गरेकी अनसूयाले बालक रूपमा रहेका आ-आफ्नो पतिलाई चिनेर लिन देवीहरूलाई आग्रह गरिन् । तीनै बालकहरूलाई त्रिदेवीको सामुन्ने राखिदिइन् । तीनै देवीहरूले बालक रूपमा परिणत भएका आफ्ना स्वामीलाई चिन्न सकेनन् । किनकी यी तीनै बालकहरू एकनासका थिए । त्रिदेवीहरूले वारम्बार अनसूयासँग क्षमायाचना गर्दै आफ्नो स्वामी दिन आग्रह गरिरहे ।

वारम्वारको अनुरोध पछि सति अनुसूयाले आफ्नो

पातिव्रत्य धर्मको बलद्वारा ब्रह्मा, विष्णु र शङ्कर पहिलाकै रूपमा रहून् भनी आफ्नो पति अत्रिको स्मरणबाट ध्यान गरिन् । यसपछि त्रिदेवहरू आ-आफ्नो स्वरूपमा आए । अनसूयाले तीनै देवको पूजाअर्चना गरिन् । यसबाट सन्तुष्ट भएका त्रिदेवले कल्याणी हामी तिम्रो पतिव्रता (पातिव्रत्य) धर्मबाट ज्यादै सन्तुष्ट भएका छौं । कुनै इच्छित वर माग भने । वारम्वार वरको आग्रह भएपछि सति अनसूया भन्दछिन्- यदि हजुरहरू सन्तुष्ट हुनुहुन्छ भने मेरो पुत्र भै जन्म लिनुहोस् भनी वर याचना गरिन् । ब्रह्मा, विष्णु महेश्वरले "तथास्तु, एवमस्तु" भनी वर प्रदान गरे ।

यसरी पति सेवा परायण वाहेक अर्को कुरा नजानेकी अनसूयाले ब्रह्माजीको अंशबाट चन्द्रमा, शिवको अशंबाट



मुनिवर दुर्वासा, विष्णुको अंशबाट दत्तात्रय भई क्रमश जन्म लिएको बुझिन्छ ।

एक अर्को कथा अनुसार पनि सति अनसूया सति मात्र नभएर महासति नै भएको पुष्टि हुन्छ । कुनै प्रतिष्ठानपुर भन्ने ठाउँमा एक कुशिक गोत्र भएका कौशिक ब्राह्मण बस्दथे । ब्राह्मणमा पूर्व सञ्चित कर्मफल र पहिले गरिएको पापको कारणले गर्दा उनलाई कुष्ठरोगले सताएको थियो । तर उसकी स्त्री पति सेवा गर्ने, आफ्नो पतिको इच्छा तथा कामनाहरूलाई पूरा गराउने थिइन् । पतिबाट जतिसुकै यातना, गाली गलोज गरेर सताउँदा पनि सदैव पतिको सेवा शुश्रूषामा संलग्न हुने गर्दथिन् । कुनै दिन कुष्ठरोगबाट सताइएको कौशिक ब्राह्मणले एउटी सुन्दरी वेश्यालाई देख्यो । बाटोमा हिडिरहेकी वेश्यालाई देख्नासाथ ब्राह्मण कामासक्त बन्न पुग्यो ।

वेश्यालाई देख्नासाथ कामातुर बनेको कौशिक ब्राह्मण बेश्याको घर जानको लागि आफ्नी पत्नीलाई त्यहाँ पुऱ्याउन दवाव दिन लाग्यो । फलस्वरूप रातको समय आफ्नो पतिलाई पिठ्युँमा बोकी उनी वेश्याको घरको बाटो लागिन् । केहि नदेखिने अँध्यारो रात थियो । बाटोको छेउमा माण्डव्य नामक ब्राह्मणलाई सुलिदिइएको काठ उठेको थियो । पतिलाई बोकेर वेश्याको घर जाँदै गरेकी ब्राह्मणीबाट त्यही काठमा धक्का लाग्न गयो । शुलि चढाइएका ब्राह्मण माण्डव्यलाई साह्रै कष्ट हुन पुग्यो । ब्राह्मण साह्रै क्रोधित बन्न पुगे । क्रोधावेसमा माण्यव्यले यस्तो श्राप दिए 'कौशिक ब्राह्मण भोलीको सूर्योदय हुनासाथै तिम्रो मृत्युहोस् ।'

आफ्नो पतिको ठक्करबाट वेदनामा छटपटाई राखेका माण्डव्यको श्राप सुनेकी कौशिक ब्राह्मणी जो सति थिइन् पति धर्ममा थिइन् तुरून्तै आजको रात पछि सूर्योदय हुने छैन भनेर मन्त्रणा गरिन् । सूर्यको गति नै रोकिन पुग्यो । सारा संसारमा हाहाकार मच्चिन थाल्यो । एक सति नारीद्वारा सूर्यको गति रोकिएको कुरा सबै देवताहरूले पनि चाल पाए । सबै देवताहरू ब्रह्माजीको शरण पर्न गए । यो सबै सतिस्त्रीको कारणले भएको हो । तपाईहरू अर्को महासति अनसूयाको शरणमा जानुहोस् भनी ब्रह्माजीले सल्लाह दिए ।

ब्रह्माजीको सल्लाहलाई स्वीकार गरी सबै देवताहरू अत्रि र अनसूयाको आश्रममा आए । सबैले अनसूयाको स्तुति गरे । सति अनसूया सबै देवताहरूलाई अगाडि राखेर कौशिक ब्राह्मणी रहेको स्थानमा पुगिन् । कौशिक ब्राह्मणीलाई वारम्वार संझाइ बुझाई भन्न लागिन्- हे पुत्री ! माण्डव्य ऋषिले तिम्रो पतिलाई मात्र श्राप दिएका थिए । तिमीले त सारा संसार प्राणीहरूलाई दुःख दिने काम

गऱ्यौ; त्यस्तो काम नगर । हे कल्याणी सति ! यदि तिमी चाहन्छौ भने तिम्रो पतिलाई म जिलाइदिन्छु । तिम्रो पतिको रोग अगाडिको पूर्ववत स्वरूपको पारिदिने छु भन्दै यस्तो भन्दछिन्-

तस्माद साध्वि महाभागे पति शुश्रुषणं प्रति ।

त्वया मतिः सदा कार्या यतो भर्ता परागतिः ॥

-मार्कण्येय १६/६१

कौशिकी ब्राह्मणीलाई मनाएपछि अनसूयाद्वारा भगवान् सूर्यनारायणलाई आवाहन सहित अर्घ दिइन् । भगवान् सूर्य नारायण पनि १० दिन पछि उदित हुनुभयो । कौशिक ब्राह्मणको रोग अन्त भयो । उनी तरूण अवस्था का बन्न गए । सम्पूर्ण देवता सहित ब्रह्मा, विष्णु तथा महेश्वरको उपास्थिति थियो । यी सबै देवताहरूले अनसूयालाई ब्रह्मा, विष्णु तथा महेश्वरको उपस्थितिको भएको बेलामा पुनः वर माग्न आग्रह गरे ।

अनसूयाले पनि माथि उल्लेख भए अनुसारकै वरको याचना गरिन् ।

सोमो ब्रह्मा श्रवद्विष्णुदत्तात्रेयोद्भ्य जायत ।

दुर्वासाः राहुरो जसे वरदाना द्विवीक साम ॥

-मार्कण्डेय पुराण १७/११

यसरी चन्द्रमा, दत्तात्रय, ऋषि दुर्वासाको जन्म अत्रि र अनसूयाको गर्भबाट हुनगयो ।

पृथ्वीमा १० वर्षसम्म वर्षा नहुँदा सम्पूर्ण प्राणीहरूलाई ठूलो संकट पर्न गएको थियो । सति अनसूयाले कठोर तपस्या गरी जनतालाई पर्न गएको संकटबाट बचाएको देखिन्छ । त्रेतायुगमा भगवान् रामचन्द्र आफ्नी भार्या सीता, भाइ लक्ष्मणको साथमा दण्डकारण्यमा रहँदा यस्ती सति साध्वी अनसूया र महान् ऋषि अत्रिको आश्रममा पुग्नु भएको थियो । उमेरले धेरै वृद्ध भैसकेकी अनसूयालाई सीताजीले दुवै हात जोडी नमस्कार गरेको अत्रि तथा अनसूयाद्वारा स्वागत सत्कार गरेको कुरा रामायणहरूमा देखिन्छ । सति अनसूयाद्वारा जनकनन्दिनी सीतालाई स्वागत सत्कार पश्चाद् दिव्य वस्त्र, दिव्य अलंकारहरू प्रदान गरेको पाइन्छ-

इदं दिव्य वरं माल्य वस्त्रमा भरणानि च ।

अङ्ग रागं च वैदेहि महार्हमनुलेपनम् ॥

-वा.रा. अयोध्या ११८/१८

अर्थात्, मिथीलेस कुमारी सीताले महातपस्विनी अर्थात् सति अनसूयाबाट प्रदान गरिएको दिव्य वस्त्र, दिव्य आभूषण कण्ठहारहरू ग्रहण गर्नुभयो । अनसुयाबाट प्रदान गरिएका यी वस्तुहरू कहिल्लै मलिन हुँदैनथे । सतिबाट आफूलाई प्रदान गारिएका यी सामग्री सीताजीबाट आफ्ना स्वामी रामचन्द्रलाई समेत देखाउनु भयो । यो देखेर रामचन्द्र सहित लक्ष्मण पनि ज्यादै खुशी हुनु भएको थियो । किनकी सति अनसूयाद्वारा प्रदान गरिएका वस्तुहरू साधारण मनुष्यको लागि ज्यादै दुर्लभ थियो । यो मात्र नभई दण्यकारण्यमा पुगेकी सितालाई सति अनसूयाद्वारा यस्ता उपदेश दिएको समेत रामायणबाट अवगत हुन आउँछ-

नगरस्थो वनस्थो वा शुभो वा यदि वाशुभः ।

यासां स्त्रीणां प्रियो भर्ता तासां लोका महोदया ॥

दुःशिलः कामवृत्तो वा धनैर्वा परिवर्जित ।

स्त्रीणामार्यस्वभावानां परमं दैवतं पति ॥

वा.रा. अयोध्या ११७/२३-२४

आफ्नो स्वामी घर, वन जहाँ रहेपनि, भलोकुभलो गर्ने नै किन नहोस् उसलाई आफ्नो पति प्यारो नै लाग्छ । प्यारो हुन्छ । त्यसरी प्यारो गर्ने स्त्रीलाई महान लोकको प्राप्ति हुन्छ ।

आफ्नो पति खराव आचरण, खराव स्वभावको, आफ्नो इच्छा अनुसार मनोमानी गर्ने नगर्ने भएपनि 'हे सीते ! उत्तम नारीहरूको लागि देवतासरह नै हुन्छ । सीताजीलाई यस प्रकारको शिक्षा दिने अनसूया आफ्नो प्रभावद्वारा पतिव्रता स्त्री शाण्डिलीको चर्म रोगले ग्रस्त शरीरलाई निको बनाउन सफल भएकी थिइन् । यस्तो पातिव्रत्यको गुण तथा स्वभाव भएकी अत्रि पत्नी अनसूया कतिपय पुराणहरूमा सतिको साटो महासतीको रूपमा पनि चित्रण गरिएको पाइन्छ । वास्तवमा अनसूयालाई महासतिकै रूपमा हेर्नुपर्ने देखिन्छ ।❖

-चा.न.पा. ३ भौखेल, भक्तपुर

सन्दर्भ सामग्रीहरू

१. वाल्मीकीय रामायण गीताप्रेस

२. अध्यात्म

३. मार्कण्डेय पुराण इति

कलियुगमा भगवत् नामको महत्त्व

- दामोदर पौडेल

नाम शब्द व्याकरणको 'नव' धातुबाट बनेको हो । जसको अर्थ नम्रता र नमस्कार हुन्छ । भगवत नाम जप गर्ने व्यक्तिको पहिलो लक्षण नम्रता हुनु र सबैलाई नमस्कार गर्नु हो । सबैमा भगवान्को स्वरूप संभेर जसले संसारका सबै प्राणीलाई आफूभन्दा महान् भावना राख्दछ उनै सबैभन्दा ठूलो भगवत् भक्त कहलिन्छ । चैतन्य महाप्रभुले संस्कृतमा ८ वटा श्लोकमा नाम महत्त्वको वर्णन गर्नुभएको छ, जसलाई शिक्षाष्टकम् भनिन्छ । जसमध्ये तेश्रो श्लोकमा भनिएको छ–

तृणादपि सुनीचेन, तरोरपि सहिष्णुना ।
अमानिना मानदेन कीर्तनीयः सदा हरिः ॥

आफूलाई बाटोमा रहेको धूलो (तृण) भन्दा निच मानेर वृक्षको समान सहनशील भएर भूटो मानको प्रवाह नगरी अरूलाई सधैं सर्वदा मान दिएर सधैं विनम्र भएर भगवत नामको कीर्तन गर्नुपर्दछ ।

भगवान्को नाम संकीर्तन गर्नाले जीवले गरेका जति पनि पाप राशीहरू छन्, ती सबै नष्ट भएर जान्छन् र जीवको कल्याण हुन्छ भनेर शास्त्रहरूले उल्लेख गरेका छन् । भगवान्को स्मरण नाम संकीर्तन र गुण संकीर्तनमार्फत गर्न सकिन्छ । नाम संकीर्तन भन्नाले भगवान्को दिव्यातिदिव्य नामको मात्र उच्चारण गरेर गरिने कीर्तन हो । गुण संकीर्तन भन्नाले भगवान्को गुणानुवादको गायन गरिने कीर्तन हो । जसरी भए पनि यस कलिकालमा विशेषतः जीव मात्रले आफ्नो मन भगवान्मा लगाउनु पर्दछ । चञ्चल मन अन्यत्र नगई केवल भगवान्को चरणमा लागोस् त्यसको लागि भगवत् नामको जप उच्चारण अनिवार्य गर्नु पर्दछ ।

कृतयद् ध्ययते विष्णु त्रेतायां यजतो मरवैः ।
द्वापरे परिचर्यायां कलौ तद् हरि कीर्तनम् ॥

सत्ययुगमा भगवान् विष्णुको ध्यान गर्दा जुन फल पाइन्छ, त्रेता युगमा यज्ञ गर्दा जुन फल पाइन्छ, त्यही फल कलियुगमा भगवान् नाम संकीर्तन गर्दा प्राप्त हुन्छ । कलियुगमा भगवत् नाम नै यस्तो साधन हो जसको माध्यमबाट सच्चिदानन्द स्वरूप भगवत् तत्त्वको अनुभव हुन्छ । जसको चर्चा श्रीमद्भावगत्मा यसरी गरिएको छ–

वदन्ति तत् तत्त्वविदः तत्त्वं यत् ज्ञानमद्वयम् ।
ब्रह्मेति परमात्मेति भगवानिति शब्यते ॥ (१-२-११)

भगवत्तत्त्व एउटै हो जसको अनुभव गर्नु मानव जीवनको लक्ष्य हो । सबै शास्त्रहरूको सार पनि यही नै हो । तत्त्व एउटै छ, त्यसैलाई ब्रह्मवादीहरूले ब्रह्म भन्दछन् र योगीहरूले परमात्मा भन्दछन् भने वैष्णवहरूले भगवान् भनेर पुकार्दछन् ।

एउटै भगवान् हाम्रो शरीरका बाहिर र भित्र सबैतिर आनन्दमयी लीला गर्दै हुनुहन्छ । भगवत् नामको साधना गर्ने भक्तले सबै सृष्टिमा भगवान्को आनन्दमयी लीलाबाट आफ्नो जीवनमा सदैव सुखको अनुभूति गर्दछ । यो नै मानव जीवनको सफल र सार्थक क्षण पनि हो ।

कलियुगमा सबै दोष (कायिक, वाचिक, मानसिक, संसर्गिक) बाट मुक्त हुनको लागि भगवान् नाम संकीर्तनको अतिरिक्त अरू कुनै साधन छैन । भगवान्को नामको माध्यमबाट हाम्रो मनको सबै मनोरथ पूरा गर्न सकिन्छ ।

साङ्केत्यं पारिहास्यां वा स्तोभं हेलनंमेव वा ।
बैकुण्ठनामग्रहता मशेषधहरं विदु ॥

जो व्यक्ति भगवान्को नाम संकीर्तन गर्दछ उसले तुरून्नै अनगिन्ती पापबाट मुक्ति पाउँदछ । चाहे उसले अप्रत्यक्ष रूपमा नामको स्मरण गरेको होस् चाहे संकेत गर्न खोजेर होस् चाहे परिहास (जिस्केर) गरेर नै किन नहोस् ? यदि उसले भगवान्को नाम लिन्छ भने संसारको सबै वस्तु पाउँदछ र मृत्युपछि पनि भगवत् धाम प्राप्त गर्दछ । ❖

कौशिकी गुरुकुलम्का सहयोगार्थ यात्रा

मित्र गौतम

सनातन वैदिक धर्मसंस्कृति संसारकै प्राचीन र व्यवस्थित परम्परा हो । यसलाई विश्वमा वैदिक सभ्यताका नामबाट चिनिएको छ । यस सभ्यता र संस्कृतिको संरक्षण र सम्वर्धनका लागि अनेक मठ मन्दिर गुरूकुल जस्ता संस्थाहरू बनेर सञ्चालित भइरहेका छन् । मन्दिरहरूका क्रममा वैदिक सनातन धर्म परम्परामा हाम्रो श्री पशुपतिनाथ मन्दिर सबै भन्दा उच्च भावनाको मन्दिरका रूपमा रहेको कुरा विश्व प्रसिद्ध छ । यस मन्दिर परिसरमा संगठित भएर वैदिक सनातन धर्मको संरक्षण र संवर्धन गर्ने क्रममा पशुपति मन्दिर मूल व्यवस्थापन समितिका अतिरिक्त अन्य धेरै धार्मिक संघ संस्थाहरू धार्मिक सेवा कार्यमा जुटेका छन् । यी मध्ये श्री पशुपतिनाथ नित्य आरति परिवार यस्तै धार्मिक सेवामूलक कार्यमा निरन्तर जुटेको संस्था हो ।

श्रीपशुपतिनाथ नित्य आरति परिवारले पशुपतिनाथ भगवान्को आरतिमा दैनिक सहभागी हुने, दर्शन गर्ने भक्तहरूलाई तत्काल आवश्यक सेवा प्रदान गर्ने, पर्वहरूमा दर्शन गर्न आउने व्यक्तिहरूलाई जल, सर्वत, चिया, प्रसाद आदि वितरण गर्ने जस्ता सेवाका कार्य गर्दैआएको छ । यसैक्रममा परिवारका सदस्यहरूलाई छोटा र लामा दूरीका तीर्थ यात्रामा मठ मन्दिरहरूको दर्शन अवलोकन गर्ने गराउने कार्य पनि गर्दैआएको छ । धर्म संस्कृतिका संरक्षण संवर्धनमा लागेका अनाथालय वृद्धाश्रम, गुरूकुल जस्ता परोपकारी संस्थाहरूमा पुगी त्यस्ता संस्थाहरूलाई प्रोत्साहन गर्दै आवश्यक सरसहयोग समेत गर्दैआएको छ । यही क्रममा वैदिक अनुसन्धान नेपाल द्वारा सञ्चालित कौशिकी वैदिक आवासीय गुरूकुलम्, भुम्लु-६, आँपघाट, काभ्रेका लागि समितिले कार्ययोजना बनाई सहयोग गर्न जाने कार्यक्रम तय गरियो ।

उपत्यका बाहिरको उक्त गुरूकुलममा केही सहयोग गर्न सके राम्रो हुन्थ्यो भन्ने कुरा आरति परिवारकी सदस्य सरस्वती दहालज्यूले चर्चामा ल्याउनु भएको थियो । यसलाई मध्यनजर गरेर आरति परिवारको निर्णय अनुसार उक्त आवासीय गुरूकुललाई केही सहयोग गर्न सके धर्म संस्कृतिको उन्नयनमा केही सहयोग पुग्ने बुझी परिवारका सदस्यहरू मिली उक्त संस्थालाई सहयोगका लागि चामल, चिउरा, चिनी, आलु, मटर, चना, तरकारी, फलफूल र गुरूकुलका गुरू र विद्यार्थीहरूलाई ओछ्याउने आशन (साना गलैंचा) आदि गाडीमा लिएर गुरूकुल आश्रममा जाने समितिको निर्णय भयो । सोही अनुसार उदारमना, दानशिल माहानुभावबाट सामानहरू जुट्यो ।

यही क्रममा आरति परिवारको निर्णय अनुसार २०८१ जेष्ठ ५ गते शनिवारका दिन बिहान ६ बजे परिवारका इच्छुक सदस्यहरू उमा कुण्डमा भेला भई सो गुरूकुलमा दिने सामानहरू बसमा राखी अध्यक्ष उर्मिला भण्डारी, सुशील मैनाली, गोमा श्रेष्ठ, सागर न्यौपाने, मित्र गौतम, सुभद्रा उदास, अमला श्रेष्ठ, निर्मला कोइराला, गायत्री थापा, सुजता ओझा, सुमित्रा पौडेल, मञ्जु के.सी., लक्ष्मी गौतम, डम्मा गौतम, सरला ठकुरी, सरस्वती दहाल, अञ्जु सिग्देल, मिना कार्की, सेतीमाया श्रेष्ठ, जेनीमाया श्रेष्ठ, मीरा पुडासैनी, प्रतिज्ञा श्रेष्ठ, देवीका देवकोटा, शान्ति लामा, मुना सैइजु र पवन पौडेल साथीहरू बिहान-७ बजेतिर बसमा चडी उक्त गुरूकुलतर्फ प्रस्थान गर्‍यौं ।

सबै साथीहरू खुशी साथ बसमा बसेर कोटेश्वर भक्तपुर, धुलिखेल, पाँचखाल हुँदै १० बजे दोलालघाटको पुलमा पुग्यौं । बाटाका रमाइला प्राकृतिक दृश्य हेर्दै, गीत गाउँदै नाच्दै, रमाइलो गर्दै गएकाले बाटो काटेको र समय बितेको पत्तै भएन । दोलालघाटको पुलबाट सुनकोशीको किनारै किनार ६ किलोमिटर पर भुम्लु ६-आँपघाट सुनकोशीको तिरमा गुरूकुल रहेछ । त्यहाँ जान सानो अप्ठारो बाटो पार गर्दै गएर कौशिकी गुरूकुल साढे

तयार हुँदै रहेछ । वरिपरि आँप, कटहर, लिचि, अंगुर, केरा, फलफुल बगैचाले र गाईगोठले सुशोभित, सफा, सुन्दर र स्वच्छ, सुनकोशी नदी किनारको त्यो स्थल साच्ची कै प्राचीन ऋषि आश्रम वा गुरूकुलको प्रतीकको रूपमा रहेको रहेछ । त्यहाँ पढ्ने बिद्यार्थीको संख्या भने बाह्र जना मात्र रहेको हुँदा यो स्थान र विशेषताको राम्रो प्रचार प्रसार हुन नसकेर केही ओझेलमा परेको जस्तो हामीले अनुभव गर्‍यौं ।

हामी त्यहाँको सबै परिसर हेर्दै केही छिन गुरूकुलमै बस्यौं । हामी केही थाकेका थियौं । त्यहाँ एकछिन बस्ता थकाइ मरे जस्तो भयो र हामी सुनकोशी नदीतिर झर्‍यौं । हामी आरति परिवारका साथीहरू रमाउँदै, फोटो खिच्दै, हाँस्दै, नाच्दै खोलामा पुग्यौं । सुनकोशी नदी शान्तसँग बगेकी, वरिपरि डाँडाहरूले घेरिएकी, त्यहाँ पुगेर हामीले नुहायौं, कसैले शरीरमा पानी सिन्चीत गर्दै पञ्चस्नान गर्‍यौं । करिव एक घण्टा त्यही नदी किनारमै रमाउँदै, त्यहाँको वरिपरिको प्राकृतिक रमाइलो दृश्य हेर्दै आनन्दित भयौं । त्यसपछि गुरूकुलतिर लाग्यौं । बाटामा ठूलो रूखमुनि केही छिन बस्यौं ।

दश बजे पुग्यौं । त्यहाँ पुग्दा गुरूकुलका गुरूहरू र बटुकहरूले पशुपतिनाथ नित्य आरति परिवारबाट आउनु भएको भनेर हाम्रो स्वागत गर्नु भयो । हामीले पनि हाम्रो धर्म संस्कृति र परम्पराको संरक्षण र प्रवर्धनमा जुटेका उहाँहरू सबैलाई हार्दिक अभिवादन गर्यौं । हामीहरूले लिएर गएका खाद्यान्न लगायतका वस्तुहरू उहाँहरूलाई समर्पण गरियो । उहाँहरूले सो सहयोग स्वरूप प्रदान गरिएका उपहारहरू सहर्ष स्वीकार गर्नुभयो । बसबाट निकालिएका सबै सामान व्यवस्थापक र बटुक भाइहरूले क्रमशः आवास भण्डार गृहतर्फ खुशीका साथ पुर्‍याउनु भयो । संस्थापक अध्यक्षले त्यहाँको संस्थाको छोटो परिचय गराउनु भयो ।

उक्त गुरूकुल वरिपरि हरियाली डाँडा काँडाले घेरिएको सुनकोशी नदी किनारको सानो फाँटमा २०७२ सालमा स्थापना भएको रहेछ । स्थापनाकालमा तत्कालै व्यवस्थापन समितिले जस्ताको छाना भएको ढुंगा माटाको दुईतले तीन तीनकोठाको एउटा घर बनाइ बटुकहरू भेला गरेर गुरूकुलको पाठ्यक्रम अनुसार पठनपाठन शुरू गरेको रहेछ । हाल भने त्यहाँ अर्को दुईतले पक्का घर निर्माण भई आवासीयरूपमा पठनपाठनका लागि समुचित पूर्वाधार

सुनकोशीको बगर निकै फराकिलो रहेछ, वर्खामा पानीले बगर सबै ढाक्छ भन्नु हुन्थ्यो । अहिले भने नदी निकै पर अरू भागमा केही पोथ्रा जंगल जस्तो पनि रहेछ । नदीबाट आउँदा बाटामा गाई चर्दै रहेका, केही ठाउँमा तरकारी लगाएको, केही ठाउँ फलफूलका बोट बिरूवा लगाएको देखियो । सागसब्जी र दूध, दही, मोही त्यहीको आश्रमको उत्पादनबाट प्रयोग गर्ने गरेको थाहा पायौं । अन्नको खेती भने त्यहाँ त्यती देखिएन ।

नदि घुमेर हामी गुरूकुल पुग्दा त्यहाँ गुरूकुलका व्यवस्थापकहरूले हाम्रा लागि पनि भोजन तयार गर्नु भएको रहेछ । वहाँहरूले प्रेम साथ दाल, भात, कटहरको तरकारी, आँप, केराको बुङ्गाको मिठो अचार, गाईको मोही आदि खुवाउनु भयो । हामीले प्रेमसाथ उहाँहरूले तयार गरेको

भोजन खुशीका साथ लियौं । हामी त त्यसै प्रफुल्ल भयौं । त्यसपछि गुरूकुलको बारेमा चर्चा परिचर्चा शुरू भयो ।

त्यस संस्थाका अध्यक्ष तिम्सिना गुरूले साढे चार रोपनी जग्गा किनेर २०७२ सालबाट कौशिकी गुरूकुल चलाउँदै आएको जानकारी गराउनुभयो । गुरूकुलमा ४ कक्षादेखि ८ कक्षासम्मका विद्यार्थीको पढाइ हुने रहेछ । आठ कक्षा पछि पशुपति क्षेत्रको वेद विद्याश्रम विद्यालयमा पठाइने रहेछ । अध्यक्ष गुरूका अनुसार, त्यहाँ शिक्षक र व्यवस्थापक गरी छ जना तथा १२ जना बटुक विद्यार्थीहरू गरी जम्मा १८ जना बस्नुहुने रहेछ । वैदिक धर्म संस्कृतिको संरक्षण र सम्वर्धनका लागि स्थापित सो संस्था सहयोगी भक्तहरूको दानदातव्यबाट चल्दैआएको रहेछ ।

संस्थाले राम्रै काम गरेको रहेछ । यस्ता संस्थालाई यथासक्य सहयोग गर्न आवश्यक छ । यस्तै कुराको चर्चा गर्दै केही समय भजन कीर्तनमा रमायौं । हाम्रो संस्थाको संरक्षक सुशील मैनालीज्यूले हारमुनियम बजाउनु भयो । मैले दुकीतवला समाएँ । भजन शुरू भयो । सबै साथीहरूले भजन गाउँदै ताली लगाउनु भयो । गुरूहरू र बटुकहरूले शिव तान्डव स्तोत्रमा ताण्डव नृत्य प्रस्तुत गर्नु भयो । केहीवेर यस्तो रमाइलो वातावरणमा हामी रमायौं । बिदा हुने बेलामा बटुकहरूलाई पनि प्रोत्साहन होस् भनेर व्यक्तिगत रूपमा केही रकम बटुकहरूका हातहातमा दिएर त्यहाँबाट हामी बिदा भयौं ।

अब हामी दोलाल घाटको दृश्य हेर्दै, रमाउदै, हाँस्तै, गीत गाउँदै, नाच्दै, खुशी हुँदै पुल तर्‍यौं । रमाइलो गर्दै पाँचखाल तिनपिप्लेको पञ्चमुखी हनुमान मन्दिरमा आइपुग्यौं । पहिला देखेको हनुमान मन्दिर र त्यहाँको वरिपरिको वातावरणमा अहिले धेरै परिवर्तन भएछ । ठूलो भवन, शिवको मूर्ति, वरिपरि धेरै राम्रो बगैंचा, प्राकृतिक सौन्दर्यले त्यो भरिएको रहेछ । हामीले हनुमानजीको र शिवजी भगवान्को दर्शन गर्‍यौं । त्यहाँ हामी एक महिनाको भव्य मेलाको अन्तिम दिन पुगेछौं ।

त्यहाँको भव्य सजावट हेर्दै, घुम्दै, फोटा खिच्दै, प्रसाद लिदै हामी त्यहाँबाट पनि बिदा भयौं । हामी धुलिखेल हुँदै काठमाडौतर्फ आयौं । हाम्रो परिवारका साथीहरू आ-आफ्नो घर पायक ठाउँमा उत्रदै जानुभयो ।

हाम्रो यो यात्रा धर्म संस्कृतिको संरक्षणममा केही न केही सहयोग पुर्‍याउने उद्देश्यले गरिएको यात्रा हो । यात्राकै क्रममा बाहिर स्वच्छ निर्मल वातावरणमा पुग्दा आफ्नो मानसिक विरेचन पनि हुँदोरहेछ । यस अर्थ पनि यस्ता यात्राका कार्यक्रम महत्त्वपूर्ण हुनेरहेछन् । यस्ता यात्रामा सहभागी हुनु राम्रो र आवश्यक पनि रहेछ ।❖

-मध्येबानेश्वर, काठमाडौं

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो।

जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

स्वामी विवेकानन्दका शाश्वत-सार्वभौम शिक्षाहरू



-द्वारिकाप्रसाद पौडेल

स्वामी विवेकानन्द हिन्दु धर्मदर्शनका महान् व्यक्तित्व हुनुहुन्छ । उहाँको जीवनी, ज्ञान, दर्शन सबै मानव समुदायलाई उपयोगी छ । स्वामीजीका शाश्वत, सार्वभौम, कल्याणकारी शिक्षाहरू वर्तमान समयमा पनि उत्तिकै महत्त्वका छन् । उहाँका केही शिक्षाहरू निम्नानुसार छन् ।

- शिक्षा जानकारीको थुप्रो होइन, जो दिमागमा थुप्रिएर गडबड मच्चाइरहोस् । ती विचारको अनुभूति गर्नु आवश्यक छ जो जीवननिर्माण, मनुष्यनिर्माण र चरित्र निर्माणमा सहायक होस् । छानिएका विचारलाई आत्मसात गरी आफ्नो जीवन तथा चरित्रको निर्माण गर्न सकेमा पुस्तकालय कण्ठ गरेभन्दा पनि अधिक शिक्षित होइन्छ ।
- यदि शिक्षाको अर्थ जानकारी मात्र हुन्थ्यो भने पुस्तकालय संसारमा ठूलो सन्त र विश्वकोष महान् ऋषि बन्ने थियो ।
- मानिसको अन्तर हृदयमा अन्तर्निहित दैवी सत्ताको व्याप्तता नै धर्म हो ।
- जहाँ विज्ञानको क्षेत्र टुंगिन्छ त्यहीँबाट धर्म क्षेत्र शुरू हुन्छ ।
- धर्म गफ र तर्क होइन, आत्मा र परमात्मा मिलाउने र भगवान् स्पर्श गर्ने अनुशासन हो ।
- क्राइष्ट र बुद्ध हुने सामर्थ्य हामीमा पनि छ किनकि हामी पनि अमृतस्यपुत्र हौं ।
- सबै धर्मले हामीलाई भगवान्तिर लैजान्छ ।
- विश्वका सबै हाम्रा दाजुभाइ, दिदीबहिनी हुन् । प्रेम सबैसँग गरौं ।
- तिमी अजर आत्मा हौ, अनन्तशक्तिको भण्डार हौ । आफूलाई शरीर ठानेर व्यक्तित्व संकुचित नगर ।
- संसारमा हिन्दुधर्म जस्तो महान् धर्म अर्को छैन जसले समानता, महानता, अमरत्वको ज्ञान दिन्छ । त्यसैले गर्वका साथ भनौं हामी हिन्दु हौं ।
- ब्रह्मचर्यको अभावमा सबैको सबैकुरा नष्ट भयो । एकमात्र ब्रह्मचर्यको ठिकसँग पालना गरियो भने सबै विद्या थोरै समयमा प्राप्त हुन्छ । मानिस, प्रज्ञाधर, श्रुतिधर र स्मृतिधर बन्न जान्छ ।
- प्रार्थना र शुभसंकल्पविना मातापिताले सन्तानको उत्पति गर्छन् भने त्यो वालक अनार्य भएर समाजको लागि भार बन्छ । मातापिताको निर्मल प्रार्थनाले जन्मलिएको बालकले नै परिवार, समाज, राष्ट्र र विश्वको कल्याण गर्दछ ।
- नियमित योगध्यान (Meditation) गर्नाले एकाग्रता बढ्न गई जीवन सार्थक र आनन्दमय बन्दछ ।
- राजासँग यस्तो बस्तु माग्नु जुन उनको अनुकुल र औकात अनुसारको होस्, परमात्मासँग माग्ने सद्वुद्धि हो । जोसँग परमात्मा खुसी हुनुहुन्छ उसलाई सद्बुद्धि प्रदान गर्नुहुन्छ । सद्बुद्धि प्राप्त भएपछि सबै प्रकारका सुखहरू प्राप्त हुन्छन् ।
- गायत्रीमन्त्र सद्बुद्धिको मन्त्र हो, त्यसैले यसलाई मन्त्रहरूको मुकुटमणि मानिएको छ ।
- हिन्दु धर्म अर्थात वैदिक धर्मलाई आजकाल बौद्ध धर्मको रूपमा पनि स्वीकारेका छन् । हिन्दु धर्म र बौद्ध धर्ममा एक आपसमा त्यस्तै नै सम्वन्ध छ जस्तो यहुदी र इसाइधर्ममा छ । इसामसीह यहुदी सन्तान थिए भने शाक्यमुनि बुद्ध हिन्दु सन्तान थिए । तर फरक यति छ कि जहाँ यहुदीले यशुलाई केवल बहिष्कार मात्र गरेनन्, शुलीमा नै चढाए । तर हिन्दु धर्मले शाक्यमूनि बुद्धलाई अवतारकै रूपमा लिएर भगवान् सम्झी पूजा समेत गर्दछन् ।❖

-धुम्वाराही, काठमाडौँ



‘भाषा भगवान् हुन्, भगवान् भाषा हुन्’को भ्रमर बन्दा जे भेटाइयो

– भेषराज पोखरेल

हामीले बोलिरहेको भाषाका अक्षरहरू भगवान् नै हुन् भन्दा कस्तो लाग्ला ? भाषा कसरी भगवान् हुनसक्छन् ? भगवान् भाषा हुन् भनेर कसरी मान्ने ? प्रश्न त उठ्ने नै भयो । वेददेखि पुराणहरूका प्रमाण देखेपछि त अवश्य पत्यार लाग्न करै लाग्नेछ । प्रसंग, अवस्था र व्याकरणका नियम अनुसार भाषा शुद्धसँग बोल्नु भनेको भगवान्कै सेवा हो भन्ने थाहा पाउँदा अचम्म नलाग्ने कुरै भएन । आफ्नो भाषा बोल्दा पनि भगवान्को सेवा हुन्छ र ? भगवान् त भाषाकै माध्यमबाट ज्ञानका रूपमा, विज्ञानका रूपमा हामीसम्म विचरण गर्ने हुन् । वेद तथा पुराणहरूले भाषामै भगवान् छन् भन्ने कुरा त बताइरहेकै हुन्, देवी, देवताका बीजमन्त्र अक्षरमाला नै हुन् भन्ने कुरा थाहा भएकै हो । यति हुँदाहुँदै पनि देवनागरी लिपिमा लेखिने संस्कृत तथा नेपाली भाषा र भगवान्को सम्बन्ध कस्तो छ ? भन्ने कुरा आमसर्वसाधारणले बुझ्न सक्ने अवस्था थिएन ।



यही अभावलाई पूरा गर्न डा. बलदेव शर्मा अधिकारीले भाषा भगवान् हुन्, भगवान् भाषा हुन्, पुस्तकको रचना गरेका छन् । भाषाकै माध्यमबाट भगवान्ले चराचर जगत्मा विचरण गर्छन्, मानिसमा अझ बढी । किनकि मानिस सचेत प्राणि हो । देवनागरी, संस्कृत र नेपाली भाषाका अक्षर बीजमन्त्र हुन् । यिनै बीजमन्त्र देवी, देवताका शक्ति हुन् । मातृकाक्षरले मात्रिका देवीको प्रतिनिधित्व गर्छन् । देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अक्षरहरूले विभिन्न देवता र देवीहरूको प्रतिनिधित्व गर्छन् ।

योग विज्ञानमा विभिन्न सात चक्रको ध्यान हुन्छ । चक्र भेदन गर्दै शक्तिलाई उर्ध्वगमन गराइन्छ । ती चक्रमा विभिन्न पत्र भएका कमलका पुष्पको कल्पना हुन्छ। ती कमलका पत्रमा यिनै देवनागरी लिपिका अक्षरहरू अंकित गराइन्छन् । जुन बीजमन्त्रका रूपमा उपयोग हुन्छन् । तिनैको ध्यान गरेर, जप गरेर लक्ष्य भेदन गरिन्छ। यिनै भाषाका अक्षरहरू र भगवान्को अन्योन्याश्रित सम्बन्धका आयामहरू वेद, पुराणहरूका प्रमाणसहित यो पुस्तकमा पेस गरिएको छ । जीव र जगतमा व्याप्त भगवान् र भाषाका विभिन्न अवस्था सृष्टि, स्थिति र लयका कारण पनि हुन् । लेखक अधिकारीको भाषा र भगवान्को उत्पत्ति, रमण र यी दुवैबीचका अनेकौं रहस्य उल्लेख गरिएको यो कृति

पूर्वीय जीवनदर्शन पनि हो ।

भाषा र भगवान्का बीचका अनेक आयामहरू समेटिएको भाषा भगवान् हुन्, भगवान् भाषा हुन् जीवनदर्शन हो । यसमा देवनागरी लिपिका अक्षरको शक्ति, तिनका अनेक आयाम तथा भगवान्का विभिन्न अवस्थालाई प्रतिनिधित्व गरेको कुरा दर्शाइएको छ । जसलाई वेददेखि पुराणहरूले विभिन्न रूपमा उल्लेख गरेका छन् । तिनै अनेकौं प्रमाणहरू जम्मा गरेर भाषा र भगवान् रचना गरिएको छ । पाँच अध्यायमा विभक्त भाषा भगवान् हुन्, भगवान् भाषा हुन् पुस्तक भौतिक तथा आध्यात्मिक दुवै रूपमा दर्शनशास्त्रको प्रतिनिधित्व गर्छ । पहिलो अध्यायमा भाषा र भगवान् एकै हुन्, भाषाले भगवान्को इच्छानुसार सृष्टि, स्थिति र संहार गर्छिन् भन्ने दर्शनलाई पुष्टि गर्न विभिन्न शीर्षकमा भाषा र भगवान्का अनेक आयामहरूलाई समावेश गरिएको छ ।

लेखकले यो अध्यायको मुख्य शीर्षकमा भाषा नै भगवान् हुन्, भगवान् नै भाषा हुन्लाई राखेका छन् । त्यसलाई पुष्टि गर्न चार्वाक दर्शन अन्तर्गतको स्वर्ग नरक, आत्मा परमात्मा, भगवान् सगवान् केही पनि छैनन् ? भन्ने प्रश्नवाचक शीर्षक चुनेका छन् । यही शीर्षकमा कार्लमार्क्सको सिद्धान्तलाई पनि उल्लेख गरेका छन् । लेखकले मार्क्सको समाजवादी सिद्धान्तलाई अपूरो मानेका छन् । चार्वाक भौतिकवादी अनीश्वरवादी दर्शन हो तर पनि सनातन परम्पराले त्यसलाई पनि सम्मान गर्छ । उनले सबै धर्मलाई सम्मान गर्न सिकाउने सनातन परम्पराले समाजवादको सपना साकार पार्छ भन्छन् । भाषा भगवान् हुन्, भगवान् भाषा हुन् भन्ने कुरालाई पुष्टि गर्न भगवान् किन भनेको ? देखि मातृभाषा तथा नारीशक्तिसमेत भगवान् श्रीकृष्णसम्मका उपशीर्षकमा प्रष्ट पारिएको छ । यी उपशीर्षकको पुष्टिका लागि वेद, पुराण तथा स्मृतिहरूका प्रमाण प्रस्तुत गरिएको छ । सोही अध्यायको दोस्रो शीर्षक पराभाषा श्रीराधाले सृष्टि, स्थिति र संहारको लीला गराउँछिन् अन्तर्गत सृष्टि, स्थिति, संहार गराउने परा भाषा भगवती श्रीराधादेखि कुरान, त्रिपिटक, बाइबल र मुन्धुममा भाषा र भगवान्को सम्बन्धसम्म पन्ध्रवटा शीर्षकमा भाषा र भगवतीका विभिन्न आयामरू दर्शाइएको छ ।

दोस्रो अध्यायमा अक्षररूपिणी भाषा भगवतीले भगवान्देखि भाइरस जीवाणुसम्म जन्माउँछिन् शीर्षक व्याख्याको विषय बनेको छ ।

यस अन्तर्गत अक्षर किन भनेको ? नेपालको राष्ट्रिय झण्डामा माथि चन्द्रमा र अनि सूर्य तल किन ? देखि ब्रह्माण्डका सबै व्यक्ति र वस्तु अक्षर-भाषामा आश्रित हुँदै ॐको अ उ म् अक्षर क्रमशः ब्रह्मा, विष्णु तथा रूद्र हुन् भन्ने प्रमाण प्रस्तुत गरिएको छ । त्यस्तै यो अध्यायका १७ उपशीर्षकमा चार जातका जीवहरूको उत्पत्ति गराउने अनुस्वार र विसर्गवर्णबाट उपशीर्षक पनि अटाएको छ । यही अध्यायको दोस्रो शीर्षकमा देवनागरी लिपिसँग सृष्टि तथा अध्यात्मविज्ञानको प्रत्यक्ष सम्बन्ध परेको छ । यो पूर्वीय दर्शनको चुरो पनि हो । यसलाई पुष्टि गर्न लिपि किन भनिएको ?, मातृकाक्षरहरू दिव्यकमलपत्रमा लेखिएका छन् शीर्षकदेखि १७ औं शीर्षकमा मातृकाक्षरवर्णमालासँग १०८ गट्टीयुक्त जपमाला अक्षयमालाको सम्बन्ध अटाएको छ । यो अध्यायको दोस्रो शीर्षकमा अक्षरबाट गरिएका सर्ग र विसर्ग सृष्टि परेको छ । यो शीर्षकको व्याख्या र पुष्टिका लागि ओमकार रूपी भगवान् महाविष्णुबाट वेदशास्त्रहरू निस्किए उपशीर्षकदेखि दशौंमा विसर्गसृष्टिमा समेत मनुष्यमध्येको सर्वश्रेष्ठ शुद्र वर्णसम्मको उपशीर्षक परेको छ ।

तेस्रो अध्यायमा चारै प्रकारका भाषाभित्र भगवान् छन् शीर्षक व्याख्याको विषय बनेको छ । भाषा चार प्रकारबाट उपयोग हुन्छ– परा, पश्यन्ती, मध्यमा र वैखरी । यी चार प्रकारका भाषाबाट मानिसले एक-अर्कासँग कुरा गर्छन् । यो विषयलाई पुष्टि गर्न वैखरी भाषाको अन्नमय तथा प्राणमय स्थूल शरीरभित्र भगवान् सत्, मध्यमा भाषाको मनोमय तथा विज्ञानमय कोषको स्वप्न शरीरमा परमात्मा भगवान् चित्, पश्यन्ती भाषाको कारण शरीरमा योगमाया कोष, भगवान् आनन्द तथा परा भाषामा जीवात्मासहित भगवान्ः कोशरहित सत्, चित्, आनन्द शीर्षकको व्याख्याबाट मूल शीर्षकको पुष्टि गरिएको छ ।

अध्याय चारको मुख्य विषय भगवान्को दास भक्त, भक्तको दास भगवान् हो । यसलाई पुष्टि गर्न जीवात्मा र परमात्माको नित्य सम्बन्ध, भाषा-भगवतीका सृष्टि, स्थिति, प्रलय-शक्ति माया, भगवान्सँग भेट गराउने ज्ञानयोग,

कर्मयोग र भक्तियोग, निराकार परब्रह्मलाई भाषाले साकार बनाइन्, भगवान् कति छन् र कुन भगवान्को भक्ति किन गर्ने ? शीर्षकहरू चुनिएका छन् ।

अध्याय पाँचमा अग्नि र अग्निको तातोपनः भाषाबाट भगवान् छुट्टिन्नन्, मुख्य व्याख्येय विषय हो । यसलाई पुष्टि गर्न भाषा-विज्ञानमा भौतिक दर्शन र अध्यात्म दर्शनको संयोजन तथा मायाकोः शासन भगवान् र भाषाकोः अनुशासन दुइवटा शीर्षक चुनिएको छ । यी दुई शीर्षकको पुष्टिका लागि पाँच-पाँच उपशीर्षक चुनिएका छन् ।

भाषा भगवान् हुन्, भगवान् भाषा हुन् पुस्तक अध्यात्मसहित जीवनदर्शनलाई समेटेर अघि बढेको छ । सबै धर्म-संस्कृतिले अँगालेका दर्शनलाई भाषासँग घोलिएको छ । यति हुँदाहुँदै पनि मुख्यतः पूर्वीय दर्शनलाई नै टिपेर दौडेको छ । भाषाबाटै भगवान्को उत्पत्ति, पालन र लय भएको कुरालाई देखाउने प्रयास गरिएको यो पुस्तक पूर्वीय दर्शनको चुरो वरिपरि घुमेको छ । ॐ शब्दका अ उ म् भगवान् ब्रह्मा, विष्णु र महेश्वरको प्रतिनिधित्व गर्ने कुरा वेद तथा पुराणहरूमा उल्लेख छ । शब्दब्रह्म, कहिल्यै नष्ट नहुने अक्षर अर्थात् भगवान् भाषाका अक्षर नै भएको कुरा पुराण, इतिहास तथा गीताले स्पष्ट गरेका कुराहरू प्रमाणका रूपमा उपयोग भएका छन् ।

लेखक अधिकारी भाषा विशेषज्ञ र पूर्वीय दर्शनका इतिहास, पुराणको राम्रो ज्ञान राख्ने भएकाले यो दर्शनमा आधारित खोज सम्भव भएको देखिन्छ । यो संसारमा रहेका व्यक्ताव्यक्त जति पनि तत्त्वहरू छन् ती सबै भगवान्का भग अन्तर्गत पर्छन् । भगका स्वामी भगवान् शिव हुन्, जसले गर्दा उनको अर्को नाम भर्ग पनि हो । भर्ग पुरूष र भर्गा प्रकृति ज्योतिर्मय शिवलिंगको स्वरूप लिन्छन् । यही भगशक्ति भाषाभित्र घोलिएका परब्रह्म, परमात्मा, परमेश्वरलाई भगवान् भनिन्छ । यसको प्रमाण शिवपुराण विद्येश्वर संहिता हो । भाषा नै शिवलिङ्ग त भयो नै, संसारका सबै भाषाको मूलतत्त्व एउटै भएको भाषविद्हरूले बताएकै छन् । यसैलाई आधार मान्दा भाषा अथवा शब्दब्रह्मसँग सम्पूर्ण शक्ति निहित छ भन्न सकियो । तसर्थ ब्रह्माण्ड जगतमा भएका सम्पूर्ण ज्ञान, विज्ञान तथा प्रविधिका आविष्कार तथा चमत्कारहरू भाषाबाटै सम्भव भएको स्पष्ट हुन्छ । यसको प्रमाणका रूपमा पञ्चतन्त्र, प्रथमतन्त्रदेखि ऋग्वेदीय सरस्वतीरहस्योपनिषद्सम्मका प्रमाण भाषा भगवान् हुन्...मा उल्लेख गरिएको छ ।

भगवती भाषा हुन् भने भगवान् अर्थ हुन्, भाषा र त्यसले व्यक्त गर्ने अर्थ सँगै हुन्छन् भन्दै शिवा अर्थात् पार्वती आदिमनुष्य शतरूपा तथा शिव मनु बन्न जान्छन् भनिएको छ । यहाँ जगज्जननी भगवती शिवा वाणी हुन्, भाषा हुन् तथा जगज्जनक भगवान् शिव, अर्थ पनि उनै हुन् । भाषाका यी दुई रूप एकै भएकाले छुट्याउन सकिँदैन, भाषा र त्यसको अर्थ अलग हुने कुरा भएन, कहीँ कतै कहिल्यै भएको छैन । शिवशक्तिलाई कसरी छुट्याउनु, प्रकृति र पुरूषलाई कसरी अलग गर्नु ? अर्को, भाषा ब्रह्म नै भएकाले भाषा शिवा मात्रै नभएर लक्ष्मी पनि भइन्, अर्थ विष्णु पनि भए । सृष्टि लक्ष्मी, स्रष्टा विष्णु स्वतः हुने भए । यहीँ भनिएको छ, सम्पूर्ण जीव-जगत शब्द र अर्थमय छन् । शब्दार्थमय छन्, पदार्थमय छन्, भगवान् र भाषामय छन्, सबै ब्रह्मकै अंग हुन् । प्रमाणका रूपमा लिङ्गपुराणदेखि विष्णुपुराणले स्पष्ट गरेका छन् । अर्कातिर वेदभाषा साक्षात् भगवान् स्वयम्भू नारायण हुन् । विष्णुपुराण भन्छ– वेदो नारायण साक्षत्स्वयम्भूरिति शुश्रुम । इतिहास, पुराणलाई पञ्चम वेद मानिएको छ । यहाँ के भनिएको छ भने परब्रह्म परमात्मा अर्थात् जगतका गुरू ब्रह्मर्षी ब्रह्माको हृदयमा बसेर ब्रह्मालाई नै वेदशास्त्र पढाए । परमात्माले हृदयमै बसेर पढाउने भएकाले ऋषिहरू वेदका श्रष्टा हुँदैनन्, द्रष्टा हुन्छन् । वेदका प्रथम द्रष्टा भगवान् ब्रह्मा हुन्, उनले वेदबाटै भौतिक सृष्टि गरे । यसलाई भागवत्ले प्रमाणित गरेको छ । यी सबै प्रमाणलाई भाषाले नै व्यक्त गरेकाले भाषा भगवान् हुन्, भगवान् भाषा हुन्लाई दर्शनशास्त्र भन्न अप्ठ्यारो मान्नुपरेन ।

भाषा भगवान् हुन्...लाई जीवनदर्शन नै यसकारण पनि भन्न सकिन्छ यसले मानव तथा समग्र भौतिक जगतलाई आफूमै घोलेर समेटेको छ । यसमा लेखक अधिकारीको शब्द चातुर्यता, ज्ञान र कला भरपुर पोखिएको छ । भाषा भगवान् हुन्, ... मा भगवान् र भगवतीका पुराणोक्त अनेक आयामलाई लेखकले भाषाकै मधुरसमा घोलेर लालित्यमय बनाएका छन् । प्रमाण त वेद र पुराण, इतिहास छँदै छन् जसले गर्दा यसलाई प्रामाणिक ग्रन्थ बनाएको छ ।

लेखक बलदेव अधिकारी हास्यव्यंग्यकार पनि हुन् । भाषा भगवान् हुन्,... मा व्यञ्जनात्कम शैली भरपूर मात्रामा उपयोग गरेका छन् । यहाँ उनी कहिले योगमाया राधासँग उनको सृष्टि लहरसँग लहरिँदै रमाउँछन् त कहिले यही भाषाका अक्षरबाट माया उत्पन्न भएर जीवहरू त्यसमा पनि मानिस मोहित भएकोमा अचम्म मान्छन् । यति मात्र कहाँ हो र, मान्छेको त के कुरा भगवान्हरू पनि मोहित भएको स्पष्ट देख्छन् । भाषाका चार रूप परा, पश्यन्ती, मध्यमा र बैखरीका चमत्कारपूर्ण कार्यमा भगवान् पनि रोमल्लिएर आएको कुरा लेखकले स्पष्ट देख्छन् । भाषा नै भगवान्को स्वरूप हो, तसर्थ भाषालाई व्यवस्थित गर्ने व्याकरण पनि मुक्तिदाता भगवान् हुन् । शब्दोच्चारण गलत भएमा त्यसले अनर्थ फल दिन्छ, पापमार्ग बढाउँछ, नरकमा धकेलिदिन्छ । महादेवको डमरू नादबाट निस्किएका चौध माहेश्वर-सूत्रहरू ब्रह्माका मानसपुत्र सनकादि सिद्ध परमहंसहरूसँग सम्बन्धित भएको कुरा उल्लेख गर्दै मनोमय, ज्ञानमय आदि अवस्थाको खोजी गरिएको छ । यसको प्रमाणका रूपमा ऋगवेद उपस्थित गराइएको छ ।

लेखक अधिकारीले भाषाविज्ञानको लहरो समाउँदै अगाडि बढ्दा राधाशक्तिको अस्तित्व पर्गेल्दै भाषासँगै छमछम नचाएका छन् । मातृकाक्षरको शक्तिलाई उल्लेख गरेका छन् । बालकले माताको गर्भदेखि नै मातृभाषा सिकेको हुन्छ । अदेखि क्षसम्मका अक्षरहरू मातृका । मातृका र मातृमा कुनै भेद नभएको कुरा उल्लेख गर्दै बालबालिकालाई मातृभाषामै शिक्षा दिनुपर्ने निधो गर्छन् । मातृकाको व्याख्या गर्दै राधा र कृष्णको मायामय अवस्था, शक्ति र लीलाको तन्मयतामा डुबेर अगाडि बढ्छन् । निराकार ब्रह्मलाई साकार बनाउने भाषा-भगवती राधिका अर्थात् दुर्गा पनि तिनै हुन् ।

भाषा भगवान् हुन्,... भाषाविज्ञान पनि हो र पुराण, इतिहासको वास्तविक तत्त्वसँग छचल्किँदै अगाडि बढेको छ । लेखकले शास्त्रीय रूपमा तौलेर, नापेर अगाडि बढाउनुपर्ने विषयलाई योग, कर्म, ज्ञान, भक्ति सबैलाई समाएर स्वच्छन्द धारामा उछाल मारेका छन्, लहरिएका छन् । भाषाका तत्त्वहरूको व्याख्या, विश्लेषणमा पाठक डुबिरहँदा पत्तै हुँदैन कि भगवान्को ब्रह्मरूपसम्म कति बेला ठोक्किन पुगिन्छ । श्रीकृष्ण तथा शिवको तादात्म्यता, सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु तथा लयकर्ता महेश्वरको एउटै रूपको दर्शन गराउन सफल छन् लेखक अधिकारी । अचम्मलाग्दो कुरा के छ भने रूपमा यो भाषाविज्ञानको आदिरूप हो, समस्त पुराणहरूको सार रूप पनि मान्न अप्ठ्यारो लग्दैन । यति मात्रै होइन यसले योग विज्ञानलाई पनि भाषाकै माध्यमबाट प्रतिविम्बित गरेको छ । भाषा र भगवान्बीचको सम्बन्ध केलाउँदै गर्दा गहिरो भक्ति साहित्यमा डुबुल्की मार्नैपर्ने बाध्यता लेखकले सिर्जना गरिदिएका छन् । सर्वसाधारण पाठकका लागि यो पुस्तक पढ्दै जाँदा भाषाविज्ञान हो जस्तो लाग्दैन इतिहास पुराण, वेद, गीतातिर डुबुल्की मारियो कि जस्तो लाग्छ, त्यतिबेलै होइन, इतिहास, पुराणतिर हराइयो कि भन्न नभ्याउँदै भाषाविज्ञानमै छौँ, त्यसैको आयाम पछ्याइरहेका छौँ जस्तो अनुभव हुन्छ । यी सबै अवस्थाले भाषा भगवान् हुन्,... भाषा, भगवान्, पुराणोक्त ज्ञान, विज्ञानसँग जोडिएर आएको रहस्यमय ग्रन्थका रूपमा महसुस हुन सक्छ ।

लेखकको मूल लक्ष्य भाषा विज्ञानका अनेकन आयामलाई पूर्वीय दर्शनशास्त्रभित्र खोजी गर्ने तथा सँगै लहऱ्याएर अघि बढ्नु देखिन्छ । आधुनिक भाषाविज्ञानका अध्येताहरूले पूर्वीय शास्त्रहरू वेद, पुराण, उपपुराणहरूले भाषाविज्ञानलाई कसरी लिँदा रहेछन्, कसरी अनुशिलन गर्दै आएका रहेछन् भन्ने कुराका बारेमा स्पष्ट रूपमा जानून्, मनन गरून् र देवनागरी लिपिका भाषाप्रति गौरव पनि गरून् भन्ने उत्कट चाहना राखेको देखिन्छ । यसको प्राप्ति भाषाविज्ञानको अध्ययन भए पनि ज्ञान, कर्म र भक्ति योगमा पाठकलाई डुबाउनु पनि भएको देखिन्छ । सरल भाषा, व्यञ्जनात्मक शैली, तीखो टिप्पणी, स्वच्छन्द धारा यस ग्रन्थका विशेषता हुन् । भाषाविज्ञानका नवअध्येताहरूले वेद, इतिहास, पुराणका प्रसंगहरू बुझेका छैनन्, तिनका गर्भमा डुबुल्की मारेका छैनन् भने यसको पूर्ण स्वाद लिन कठिन छ । त्यो स्तरका पाठकका लागि यो दुर्बोध्य पनि छ । भक्ति साहित्यमा लहरिन नसक्ने सीधा वर्णनात्मक शैलीमा रत्तिएका पाठकहरूलाई यसले कृष्णको मुरली सुन्ने गरी बजाइदिँदैन, रस उत्पन्न गरिदिँदैन । निरस पनि लाग्न सक्छ । ❖

– कलंकी, खड्कागाउँ

मातृशक्तिले गरे विष्णुसहस्रनामको ऐतिहासिक पाठ

त्रिशक्ति एकादशी संस्कृति समाजले पशुपतिनाथ परिसरमा रहेको श्रीशङ्कराचार्य मठमा आयोजित कार्यक्रममा १२३ जना मातृशक्तिहरूले मातृशक्तिले १०८ आवृत्ति विष्णुसहस्रनाम स्तोत्र एकै स्वर र लयमा पाठ गरेका छन् । आयोजकका अनुसार नेपालमा यसरी यतिको सङ्ख्यामा महिलाबाट वाचन भएको यो पहिलो पटक हो ।

घरघरमा गुरूकुलका संस्थापक आचार्य कपिलदेव सुवेदीका अनुसार २०७६ सालमा कोरानाकालमा पाँच वर्षीया बालिका सान्भी सुमन प्रसाईले संस्कृत शिक्षा कहाँ लिन पाइन्छ ? भनी गरेको प्रश्नका आधारमा घरमा नै संस्कृत सिकाउने अभियान थालिएको हो । त्यस अभियान अन्तर्गत महिलाले घरमा नै बसेर अनलाइनबाटै संस्कार शिक्षा, नित्यकर्म, दुर्गा शप्तसती, श्रीमद्भागवत गीतालगायतका संस्कृतका स्तोत्रको अध्ययन तथा कथावाचनसमेत गरिरहेका छन् ।

श्री १००८ डा. रामानन्द गिरीको परिनिर्वाणको सातौँ वार्षिक समारोहको अवसर पारेर आयोजित समारोहमा संस्कृत शिक्षाका साधकलाई अभिनन्दन पनि गरिएको थियो । श्री १००८ स्वामी रमणानन्द गिरी र घर घरमा गुरूकुल अभियानका संयोजक आचार्य कपिलदेवले प्रा. शिवगोपाल रिसाल, प्रा. भवानीप्रसाद खतिवडा, समाजसेवी रामप्रसाद सुवेदी, मधुसूदन सुवेदी, शान्ति सुवेदी र अभियानको बीजारोपण गर्ने सान्भी सुमन प्रसाईलाई अभिनन्दन गर्नुभयो ।

वागिश्वरीधाममा गुरूपूर्णिमा मनाइयो

देवघाटधाम/ भरतपुर १ देवघाटस्थित वागिश्वरीधाममा धुमधामले गुरूपूर्णिमा उत्सव मनाइएको छ । बागिश्वरीधामा रहेको श्रीवागिश्वरी आध्यात्मिक परिषद् योगीनरहरीनाथ आश्रमले आफ्नो गुरू योगी नरहरिनाथलाई सम्भदै गुरूपूर्णिमा पर्व मनाएको हो । सो अवसरमा आश्रमबाट नै सञ्चालित गुरूकुलका बटुकहरू सहित आश्रम परिवारले रूद्री, हवन सहितको धार्मिक अनुष्ठान आयोजना गरेको थियो ।

कार्यक्रममा आश्रमका प्रमुख संरक्षक योगी श्रृषनाथ योगी, संरक्षकद्धय, योगी निरन्जननाथ, शान्तप्रसाद पोखरेल, सल्लाहाकार टंकनाथ पौडेल, अध्यक्ष शैलेन्द्र पिया, उपाध्यक्षहरू पुर्णबहादुर श्रेष्ठ, रामप्रसाद वस्ती, महासचिव अशोक पोखरेल, सचिव नवराज ढकाल, गुरूकुलका प्रार्चाय नवराज ढकाल, कोषाध्यक्ष बद्री अधिकारी, पूर्व कोषाध्यक्ष उमाशंकर अग्रवाल, चितवनका साहित्यक तथा इतिहासविद् डि. आर. पोखरेल, गुरूकुल प्रार्चाय माधव पौडेल लगायतको उपिस्थति रहेको थियो ।

सो क्रममा योगी नरहरिनाथले समाज रूपान्तरणको अभियानमा ठूलो टेवा पुऱ्याउनु भएको भन्दै उहाँका अभियानहरूलाई अगाडी बढाउन सके गुरू कृपा प्राप्त हुने बताइएको छ । राष्ट्रगुरू योगी नरहरिनाथले गौ संरक्षण, विश्वको सबैभन्दा पुरानो भाषा संस्कृत शिक्षाको संरक्षण, योग र आयुर्वेदको महत्त्व उजागर गर्नुका साथै नेपालको इतिहासलाई जीवन्त राख्न ठुलो योगदान दिनुभएको चर्चा गरिएको थियो । उहाँले नेपालमा रहेका पुरातात्त्विक महत्त्वका ओझेलमा परेका स्थलहरूमा कोटीहोम लगाउनु भएको थियो । उहाँले इतिहास, मानव वंशावली, ऐतिहासिक क्षेत्रहरूका साथै अध्यात्मसँग सम्बिन्धत ५ सय भन्दा बढि पुस्तकहरू प्रकाशन गर्नुभएको थियो । वि.स १९७१ जन्मनुभएको उहाँको २०५९ सालमा निधन भएको थियो ।

कन्या गुरूकुलमा वार्षिकोत्सव मनाउँदै फर्निचर तथा फर्निसिङ्ग व्यवसायीहरू

देवघाटधाम/भरतपुर १ देवघाटधाममा रहेको श्रीगार्गी कन्या गुरूकुलमा रहेका कन्याहरूलाई १ दिनको खाना खुवाउने कार्यक्रम सम्पन्न गरिएको छ । चितवनमा रहेको नेपाल फर्निचर तथा फर्निसिङ्ग व्यवसायी महासंघले आफ्नो दशौ स्थापना दिवसको अवसरमा गुरूकुलमा खाना सहयोग कार्यक्रम सम्पन्न गरेका हुन् ।

कन्या गुरूकुलमा हाल ८५ जना कन्याहरूले अध्ययन गरिरहेका छन् । गुरूकुलमा ६ कक्षादेखि १२ कक्षा सम्म सञ्चालन गरिएको छ । गुरूकुललाई खाना खुवाउने कार्यक्रम अघि नेपाल फर्निचर तथा फर्निसिङ्ग व्यवसायी महासंघ चितवनले स्थापना दिवस कै अवसरमा धार्मिक सहित १०१ विरूवा रोप्ने कार्यक्रम सम्पन्न गरेका थिए । यस अधि पनि व्यवसायी महासंघ चितवन शाखाले विभिन्न सामाजिक सरोकारका क्षेत्रमा कार्यहरू गर्ने गरेको छ । ❖

पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

☆ ☆ ☆

- ❖ पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
- ❖ स्रोतमा बाढी, धमिलो तथा बर्षात्को पानी छिर्न नदिऔं,
- ❖ खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने तारबार गरौं,
- ❖ पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं,
- ❖ घर तथा सार्वजनिक स्थलका पानी ट्याङ्की, घाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

ॐ

अरूणसिंह पण्डालवाला

गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरूः

वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।

त्रिवेणी भोजनालय

क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !

दुर्गा धार्मिक पुस्तक पसल

पशुपति, काठमाडौं

सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"

किशोर अफसेट प्रेश प्रा. लि.

गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

नगरवासीलाई हार्दिक अनुरोध

१. व्यक्तिगत घटना दर्ता जन्म, विवाह वसाईसराई सम्वन्ध विच्छेद, मृत्यु ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।
२. खुल्ला स्थानमा फोहोर फाल्ने, ढल मिसाउने जस्ता कार्यहरू नगरौं ।
३. ऐतिहासिक सम्पदा जस्तै धारा, पाटि, पौवा तथा अन्य धार्मिक महत्वका स्थानहरूको संरक्षण तथा संवर्द्धन गरौं ।
४. कुनै पनि स्थायी संरचना बनाउँदा नगरपालिकाको अनिवार्य नक्सा स्वीकृति लिई निर्माण गरौं ।
५. आफ्नो टोल आंगन, चोक, घर हामी आफैंले सफा सुग्घर राखौं, स्वच्छ हराभरा नगरपालिका निर्माणमा योगदान गरौं । घर अगाडिको फुटपाथमा निर्माण सामग्री तथा अन्य कुनै पनि सामग्रीहरू नराखौं ।
६. समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुदूर पश्चिम प्रदेश, कैलाली, नेपाल

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

विश्व विराट ज्ञान आश्रम

Vishwo Virat Gyan Ashram

Email : Vishwoviraatgyanashram@gmail.com

१ करोड गीता दान महाअभियान

श्रीमद्भागवतं पुराणतिलकं यद्वैष्णवानां धनं
यस्मिन् पारमहंस्यमेवममलं ज्ञानं परं गीयते ।

श्रीमदभागवत महापुराण

समस्त भक्तजनहरूमा
आत्मिक निमन्त्रणा

परमात्माको कृपानुभूति एवं सद्गुरुवरहरूको दिव्य आशिर्वादले हामी सबैको पक्षमा आएको विश्व विराट् ज्ञान आश्रम सञ्चालनार्थ संकल्पद्वारा स्थानीय भक्तहरूको सहयोग तथा सहभागितामा यही २०८१ भदौ २४ गतेबाट आरम्भ हुने श्रीमद्भागवत महापुराण विराट ज्ञान महायज्ञ वाचन प्रवीण पण्डित दीनबन्धु पोखरेलज्यूको सुमधुर ध्वनीयुक्त प्रवचनमा श्रवण मनन गर्नका लागि पाल्नुहुन हार्दिक निमन्त्रणा गर्दछौं ।

उद्देश्यः

१. एककरोड गीता दान महाअभियानलाई निरन्तरता
२. विश्व विराट् गुरुकुलको सञ्चालनार्थ
३. शास्त्र अध्ययन तथा अनुसन्धान केन्द्र सञ्चालनार्थ
४. विश्व विराट् ज्येष्ठ नागरिक आवास निर्माणार्थ
५. अक्षयकोष वृद्धि

SCAN & PAY

VISHWO VIRAT GYAN ASHRAM

A/C No. :
1420100006151001
Swift code : RBBANPKA
Bank code : 201
Rastriya Banijya Bank

महादानका निमित्त पाल्नु हुनेलाई निवासदेखि नै विशेष सम्मान गरी ल्याइनेछ । साथै कुनै परिस्थितिवश उपस्थिति हुन नसक्ने वा नचाहने तर गोप्य वा नामसहितको दान गर्न इच्छुक दाताबाट उल्लिखित **Qr Code** वा **e-sewa** प्रयोग गर्न विशेष अनुरोध छ ।

e-sewa ID : 9855030972

आश्रम तथा आश्रमद्वारा सञ्चालन हुने कुनै पनि कार्यमा टेवा पुऱ्याउन इच्छुक महानुभावले दान बारे बुझ्न निम्न हटलाइनमा सम्पर्क गनुसक्नु हुनेछ ।

स्थान : वासुकी चउर, गोरक्षपीठ, भुवनेश्वरी मन्दिर प्राङ्गण, गाङखेल, वडा १४ कार्यालयसँगै, कलङ्की, काठमाडौँ

सम्पर्क नं. : ९८४७०५७४९६, ९८५१००२९९५, ९८४१६८५६७३, ९८५५०३०९७२, ९८५१०९०२२८, ९८१८०७००९८

Hotline : 9855030972